म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २७८ सोमबार ८ जेठ २०८० ने. सं. ११४३ तछलाथ्व 22 May 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**खेतीयोग्य जमिनमा बस्ती नबसालौं ।**

☞ खेतीयोग्य जमिनमा बसोवास नगरौं/नगराऔं
☞ हरियाली वातावरणसहितको नमूना बस्तीको विकास गरौं
☞ सिंचाई सुविधामा बाधा नपुग्ने गरी बस्ती बसाऔं
☞ गाउँ बस्तीलाई नमूना बस्तीमा रुपान्तरण गरौं
☞ समृद्ध नेपालको निर्माण गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## मुख्यमन्त्रीको अडान बालुवाटार वार्तापछि भताभुङ्ग, ६ नयाँ मन्त्री थपिए

साझाकुरा संवाददाता

हेटौंडा, ७ जेठ/२५ पुसमा मुख्यमन्त्री बनेपछि ११ वटाबाट मन्त्रालय संख्या नबढाउने र राज्यमन्त्री पनि नियुक्त नगर्ने घोषणा गरेका शालिकराम जम्कट्टेलकै सिफारिसमा आइतबार बिनाविभागीय मन्त्री नियुक्त भए ।

प्रदेश प्रमुखको कार्यालयमा आइतबार ६ जना नयाँ मन्त्रीले पद तथा गोपनीयताको सपथ खाँदा नेपाली कांग्रेसबाट रामकृष्ण चित्रकारको भने तत्काललाई कुर्सी (मन्त्रालय) तोकिएन । बिनाविभागीय मन्त्री नियुक्त भएसँगै सपथ पनि खाएका चित्रकारलाई निश्चित समयभित्रै एउटा मन्त्रालयको जिम्मेवारी दिनु मुख्यमन्त्री जम्कट्टेलका लागि अपरिहार्यता छ । तर, गठबन्धनमा सरकार सञ्चालनका लागि कति कठिनाई हुन्छ भन्ने उदाहरण बागमतीले प्रस्तुत गरेको छ ।

कुनैहालतमा ११ बाट मन्त्रालय संख्या बढाउँदिन भनेका उनै जम्कट्टेललाई अब की मन्त्रालय थपेर चित्रकारलाई जिम्मेवारी दिनुपर्नेछ की मुख्यमन्त्री कार्यालयमै उनको चित्त बुझाउनुपर्ने बाध्यता रहन्छ । तर, चित्रकार मुख्यमन्त्री कार्यालयमै बिनाविभागीय मन्त्री भएर बसिरहने सम्भावना न्यून देखिन्छ । जसकारण जम्कट्टेललाई एउटा मन्त्रालय थपेर १२ वटा पुऱ्याउनुको विकल्प देखिँदैन । नेपाली कांग्रेस, माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी)बीचको गठबन्धन सरकारले आइतबार पूर्णता पाएको छ ।

रिक्त पाँच वटा मन्त्रालय मध्ये कांग्रेसबाट ३ जना र नेकपा (एकीकृत समाजवादी)बाट २ जना मन्त्री नियुक्त भएका हुन् । कांग्रेसबाट पुकार महर्जनलाई पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय, उत्तम जोशीलाई स्वास्थ्य मन्त्रालय र मसिना खड्कालाई वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी दिइएको हो । एकीकृत समाजवादीबाट डा. राजेन्द्रमान श्रेष्ठलाई कृषि तथा पशुपन्छी विकास मन्त्रालय र लक्ष्मण लम्सालललाई श्रम, रोजगार तथा यातायात मन्त्रालय तोकिएको छ । बिनाविभागीय मन्त्री भएका चित्रकारसहित ६ जनालाई प्रदेश प्रमुख यादवचन्द्र शर्माले कार्यविभाजन तोकेर मन्त्रीहरुको शपथ ग्रहण गराएका छन् ।

बागमती प्रदेश सरकार पुन:गठनको ५८ दिनमा मुख्यमन्त्री जम्कट्टेलले मन्त्रिपरिषद्लाई पूर्णता दिएका हुन् । सरकार विस्तारा हुनुमा बालुवाटार वार्ता प्रमुख कारक हो । प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले ४ चैत साँझ बालुवाटारमा नेताहरु बोलाएर सहमति गराएपछि बागमतीमा सरकार विस्तारको गाँठो फुकेको हो । नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेतासमेत रहेका आर्थिक मामिलामन्त्री बहादुरसिंह लामा र एकीकृत समाजवादीका नेता तथा निवर्तमान आन्तरिक मामिला तथा कानुनमन्त्री खनाललाई राखेर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले ४ जेठमा भागबण्डा विवाद मिलाएका थिए । कांग्रेस र एकीकृत समाजवादीको अडानका कारण भागबण्डा नमिल्दा सरकार अलपत्र बनेको थियो ।

नेपाली कांग्रेस सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, एकीकृत समाजवादीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, सरकारका उपप्रधानमन्त्री पूर्णबहादुर खड्का, गृहमन्त्री नारायणकाजी श्रेष्ठ सहितको बालुवाटार बैठकबाट भागबण्डा टुंगिएको थियो । बालुवाटारमै कांग्रेसलाई बिनाविभागीय मन्त्रालय दिएर जाने सहमति बनेको स्रोतको दाबी छ । जसकारण मन्त्रालय संख्या नबढाउने मुख्यमन्त्री जम्कट्टेलको अडान बालुवाटारमै भताभुङ्ग भएको थियो ।

निवर्तमान मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेको ८ वटाबाट १४ वटा मन्त्रालय बनाउने निर्णय निकै आलोचित बनेपछि जम्कट्टेलले मन्त्रालय घटाएर प्रसंशा बटुलेका थिए । उनी फेरि आलोचित हुन चाहँदैन थिए । तर, गठबन्धनमा भागबण्डा विवादले उनी मन्त्रालय संख्या बढाउन बाध्य भएका छन् । उनले तत्काल मन्त्रालय विभाजन नगरेको बताए । नवनियुक्त मन्त्रीहरुको शपथपछि सञ्चारकर्मीहरुसँग कुराकानी गर्दै उनले आफू मन्त्रालय विभाजनको पक्षमा नरहेको अडान दोहोराए । 'तत्काल मन्त्रालय विभाजन गरेका छैनौं । मन्त्रालय विभाजन नगर्नेमा अझै पनि मेरो अडान छ,' उनले भने, 'मन्त्रालय विभाजन गर्ने निर्णयमा पुगिसकेका छैनौं । मन्त्रालय र बिनाविभागीय मन्त्रीको विषयमा छलफल गरेर अघि बढ्छौं ।'

मन्त्रालयको संख्या १४ बाट घटाएर ११ बनाउनुलाई मुख्य उपलब्धिको रुपमा प्रचार गर्दै आएका मुख्यमन्त्री जम्कट्टेलले आफ्नै निर्णय उल्ट्याएर सरकारलाई पूर्णता दिएका हुन् । गत पुस २६ गते मुख्यमन्त्री पदको शपथ गरेलगत्तै उनले मन्त्रालयको संख्या घटाउने निर्णय गर्दै माघ १० गते १४ मन्त्रालयलाई ११ वटा कायम गरेका थिए । गठबन्धन फेरिएसँगै दलीय भागबण्डा मिलाउन उनले आइतबार ११ मन्त्रालयमा १२ मन्त्री नियुक्त गरे ।

सबैतिरको सन्तुलन मिलाउँदा र सरकारमा सहभागी दलको प्रतिनिधित्व मिलाउँदा केही जटिलता आएको मुख्यमन्त्री जम्कट्टेलले बताए । 'हिजो एउटा किसिमको गठबन्धनमा थियौं । सोही अनुसार अघि बढेका थियौं । अहिले नयाँ ढंगको गठबन्धनबाट सरकार निर्माण भएको छ । सोही अनुसार हामीले सरकारलाई पूर्णता दिएका हौं,' उनले भने, 'अहिलेको परिस्थितिमा सरकारको पूर्णता मुख्य विषय थियो ।'

यसअघि मुख्यमन्त्री जम्कट्टेलले सरकारमा कांग्रेसका लामालाई आर्थिक मामिला तथा योजना मन्त्रालय, तीर्थ बहादुर लामालाई खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयको जिम्मेवारी दिएका थिए भने माओवादी केन्द्रबाट गंगानारायण श्रेष्ठ आन्तरिक मामिला तथा कानुन मन्त्रालय, कुमारी मुक्तान सामाजिक विकास मन्त्रालय र युवराज दुलाल, भौतिक पूर्वाधार विकास मन्त्रालयको जिम्मेवारीमा छन् ।

बागमती प्रदेशसभामा कूल सातवटा दलको प्रतिनिधित्व छ । प्रदेशसभामा नेपाली कांग्रेसको ३७, एमालेको २७, माओवादीको २१, राप्रपाको १३, एकीकृत समाजवादीको ७, नेमकिपाको ३ र हाम्रो नेपाली पार्टीको २ मत छ । मुख्यमन्त्री जम्कट्टेललाई हाम्रो नेपाली पार्टी (हानेप)ले पनि विश्वासको मत दिएको थियो ।

### ५ महिनामा ६ वटा दलबाट १९ मन्त्री बने

बागमती प्रदेशको दोस्रो कार्यकालको ५ महिनामा ६ दलबाट १९ जना मन्त्री बनेका छन् । आइतबार थपिएका सहितहालसम्म १९ जना मन्त्री भइसकेका हुन् । प्रदेशसभाको पहिलो कार्यकालमा ३ जना मुख्यमन्त्री हुँदा ४० जना भन्दा बढी मन्त्री बनेका थिए । पहिलो कार्यकालको आधा मन्त्री दोस्रो कार्यकाले ५ महिनामै भइसकेका छन् ।

यसले सरकार कति अस्थिर छ भन्ने देखाउँछ । मुख्यमन्त्री जम्कट्टेलकै नेतृत्वमा ५ महिनाको अन्तरालमा २ वटा गठबन्धनका सरकार बनेको छ । सरकार परिवर्तन नभए पनि यसबीचमा प्रदेशमा फरक गठबन्धनमा सरकार बनेको हो । जसअनुसार अहिलेसम्म प्रदेश सरकारमा १९ जनाले मन्त्री बन्ने अवसर पाए ।

माओवादी केन्द्र, एमाले र राप्रपाको गठबन्धनबाट ११ र हाल कायम रहेको कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादीको गठबन्धनबाट ८ जना गरी कुल १९ जना यसबीचमा मन्त्री बनेका हुन् । गत पुस २५ गते तत्कालीन सत्ता गठबन्धनबाट सरकारको नेतृत्व गरेका माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलका नेता जम्कट्टेलले पाँचौ पटक मन्त्रिपरिषद् विस्तार गरेका हुन् ।

नेकपा एमाले, नेकपा माओवादी, राप्रपा, हाम्रो नेपाली पार्टी र एकीकृत समाजवादी पार्टीको सत्ता गठबन्धनको समर्थनमा गत पुस २५ गते मुख्यमन्त्री बनेका जम्कट्टेलले पुस २६ गते एमालेका जगन्नाथ थपलियालाई आर्थिक मामिला तथा योजना मन्त्री नियुक्त गरेका थिए भने राप्रपाका उद्धव थापालाई बिनाविभागीय मन्त्री नियुक्त गरेका थिए । माघ ३ गते संसदबाट विश्वासको मत लिएका मुख्यमन्त्री जम्कट्टेलले माघ ११ गते पुन: मन्त्रिपरिषद् विस्तार गरे । उनले तत्कालीन गठबन्धनका आधारमा एमालेबाट ३, माओवादीबाट ३ राप्रपाबाट २ मन्त्री नियुक्त गरेका थिए ।

सँगै उनले प्रदेशको ११ मन्त्रालयमा माओवादीका ४, एमालेका ४ र राप्रपाका ३ मन्त्री नियुक्त गर्दै सरकारलाई पूर्णता दिएका थिए । तत्कालीन गठबन्धनमा एमालेबाट जगन्नाथ थपलिया आर्थिक मामिला तथा योजना मन्त्री, एकलाल श्रेष्ठ श्रम रोजगार तथा यातायात मन्त्री, केशवप्रसाद पोखरेल कृषि तथा पशुपक्षी विकास मन्त्री, रामेश्वर श्रेष्ठ स्वास्थ्य मन्त्रीको जिम्मेवारीमा थिए ।

यस्तै, माओवादी केन्द्रबाट गंगानारायण श्रेष्ठ आन्तरिक मामिला तथा कानुन मन्त्री, युवराज दुलाल 'शरद' भौतिक पूर्वाधार विकास मन्त्री, कुमारी मोक्तान सामाजिक विकास मन्त्री र राप्रपाबाट उद्धव थापा खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्री, राजु विष्ट वन तथा वातावरण मन्त्री, डम्बर तामाङ पर्यटन उद्योग तथा सहकारी मन्त्रीको जिम्मेवारीमा थिए ।

राजनीतिक घटनाक्रम बदलिएसँगै त्यो गठबन्धन करिब २ महिनामै भत्कियो । राष्ट्रपति निर्वाचनका लागि केन्द्रमा गठबन्धन परिवर्तन भएसँगै प्रदेशमा पनि त्यसको प्रत्यक्ष असर देखियो । सत्ता गठबन्धनमा कांग्रेसको प्रवेश भएसँगै प्रदेश सरकारबाट राप्रपा अलग भयो । माओवादी केन्द्र, कांग्रेस र एकीकृत समाजवादीबीच सत्ता गठबन्धन बन्दा फागुन १३ गते राप्रपाका ३ मन्त्रीले सरकार छाडे । राप्रपाले सरकार छाडेपछि प्रदेशका ११ मन्त्रालयमध्ये ७ वटामा एमाले र माओवादी केन्द्रका मन्त्री कायम रहे भने ३ मन्त्रालय रिक्त बन्यो ।

रिक्त मन्त्रालयको जिम्मेवारी आफैं मातहत राखेर ७ मन्त्रीसहित करिब २७ दिन मुख्यमन्त्री जम्कट्टेलले सरकार चलाए । त्यसपछि चैत १० गते एमालेले सरकारको साथ छाड्यो । सोही दिन एमालेका ४ मन्त्रीले सामूहिक रुपमा मुख्यमन्त्री जम्कट्टेललाई राजीनामा बुझाएका थिए । त्यसपछि सरकारमा मुख्यमन्त्रीसहित ४ मन्त्री कायम रहे भने ७ मन्त्रालय मन्त्रीविहीन बन्यो ।

## बागमती प्रदेश खेलकुद प्रतियोगिता सुरु



साझाकुरा संवाददाता

हेटौंडा, ७ जेठ/बागमती प्रदेशको राजधानी हेटौंडामा दोस्रो बागमती प्रदेश खेलकुद प्रतियोगिता सुरु भएको छ । हेटौंडा-५ स्थित पिप्लेक्याम्पा रंगशालामा भव्य समारोहबीच बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले आइतबार साँझ प्रतियोगिताको उद्घाटन गरेका हुन् । प्रतियोगिता सञ्चालनमा ९ करोड ४२ लाख रुपैयाँ खर्च हुने अनुमान छ । बागमती खेलकुल विकास परिषद्को आयोजनामा सुरु भएको प्रतियोगिताको यसै रंगशालमा आगामी जेष्ठ १३ गते समापन हुनेछ ।

रङ्गशालामा प्रदेशको १३ वटै जिल्लाका खेलाडी, नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरी, अफिसियल, प्रशिक्षक, खेलप्रेमी, स्काउट र आम सर्वसाधारणको हजारौंको उपस्थितिबीच उद्घाटन गरिएको हो । समारोहमा प्रदेशको १३ वटै जिल्लाका टिम, नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीबाट मार्चपास गरियो । उद्घाटनका क्रममा खेलकुदप्रेमी दर्शकले भरिएको रङ्गशालामा सांस्कृतिक झाँकी प्रस्तुत गरिएको थियो भने कलाकारको साङ्गीतितक प्रस्तुति समेत रहेको थियो । समारोहमा गायिका रचना रिमाल र बालगायक जेनिस उप्रेतीले साङ्गीतिक प्रस्तुति दिएका थिए ।

प्रतियोगिताको दोस्रो संस्करणमा १३ खेल समावेश गरिएको छ भने प्रदेशका १३ जिल्लाबाट २ हजार ५ सय २ जना खेलाडी सहभागी छन् । प्रतियोगितामा २ सय १९ स्वर्ण २१९ रजत र ३५६ कास्य गरी कुल ७९४ पदकका लागि प्रतिस्पर्धा हुनेछ । मुलुक संघीय संरचनामा गएपछि बागमती प्रदेशले विं.सं. २०७९ मा पहिलोपटक प्रदेशस्तरको प्रतियोगिता आयोजना गरेको थियो । त्यतिबेला ८ वटा खेल समावेश गरिएको थियो । पिप्लेक्याम्पा रंगशालामा लगातार दुई संस्करण प्रदेश खेलकुद प्रतियोगिता संचालन गरिएको हो ।

प्रतियोगिताको औपचारिक उद्घाटन आइतबार भएपनि खेलहरु सोमबारबाट सुरु हुनेछ । प्रतियोगिताको १३ खेलमध्ये ९ खेल मकवानपुरमा, दुई खेल काठमाडौंमा, चितवन र ललितपुरमा एक/एक खेल हुनेछ । उद्घाटनकै अवसरमा निर्णायकका तर्फबाट एथ्लेटिक्स् मुख्य प्रशिक्षक तथा निर्णायक चन्द्रबहादुर र खेलाडीका तर्फबाट धर्म महर्जनले प्रतियोगितामा समावेश सम्पूर्ण खेलमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय नियमअनुसार खेल्ने तथा खेलाउने प्रतिबद्धतासहित सपथ ग्रहण गरेका छन् ।

कार्यक्रममा ओलम्पियन भक्तबहादुर सापकोटा, जीतबहादुर मोक्तान र रामबहादुर गिरीले ओलम्पिक टर्च प्रज्वलन गरेर रंगशाला परिक्रममा गरेका थिए । यसअघि पहिलो संस्करणमा ओलम्पियन बैकुण्ठ मानन्धरले ओलम्पिक टर्च प्रज्वलन गरेर रंगशाला परिक्रममा गरेका थिए । प्रतियोगितामा स्वर्ण, रजत र कास्य पदक विजेता खेलाडीले क्रमश: ५ हजार, ४ हजार र ३ हजार रुपैयाँसहित प्रमाणपत्र, शिल्ड तथा मेडल प्राप्त गर्नेछन् ।

**कर्मचारी आवश्यकता**

यस मकवानपुर सहकारी अस्पतालभित्र रहेको सक्षम औषधी पसल र अग्रिम औषधी पसलका लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा सम्पर्क राख्नुहोला ।

**D Pharma** - २ जना
**B Pharma** - २ जना
**तलब:** आपसी समझदारीमा निर्धारण गरिनेछ ।

**सक्षम औषधी पसल/अग्रिम औषधी पसल**
**मकवानपुर सहकारी अस्पताल**
हेटौंडा-१, सम्पर्क नं.: ९८५५०७४९००, ९८४४१२७००९

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**


☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

**घडेरीहरु बिक्रीमा**

जिल्ला : मकवानपुर
हेटौंडा उपमहानगरपालिका
वाड नं. १

मुकुन्द कार्की :
९८५१०८९६३४,
९८०१०९८८६९



साझाकुरा

## हाम्रो कुरा

# आलु आयात गर्नुपर्ने बाध्यता

हाम्रो मुलुक उत्पादन भन्दा पनि आयातमूखी बन्दै गएको छ । केहीवर्ष अघिसम्म दामनपालुङमा उत्पादन भएको आलु भारतीय बजारमा निर्यात हुने गरेको थियो । पूर्बको काकडभिट्टा नाकाबाट सिलिगुढी र बीरगंज नाकाबाट पटनासम्म पालुङको आलु निर्यात हुने गरेको थियो । तर, चालू आर्थिक वर्षको ९ महिनामा नेपालले विदेशबाट ६ अर्ब ९० करोड ८६ लाख रुपैयाँबराबरको आलु आयात गरेको छ । नेपालले भारत, बंगलादेश, अमेरिका, नेदरल्यान्ड्स र इन्डोनेसियाबाट २६ करोड ४१ लाख २६ हजार केजी आलु आयात गरेको हो । कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्यांकअनुसार आलु उत्पादनमा नेपाल निकै अगाडि देखाएको छ । तर, भन्सार विभागको तथ्यांकले नेपालमा असाध्यै ठूलो परिमाणमा आलु आयात भएको देखिन्छ । आयातीत आलुमा ९९ प्रतिशत हिस्सा भारत र बंगलादेशको छ । साउनदेखि चैतसम्ममा ६ अर्ब ८२ करोड रुपैयाँबराबरको २६ करोड ५ लाख ९४ हजार किलो भारतबाट र ८ करोड ५१ लाख रुपैयाँबराबरको ३५ लाख २८ हजार किलो आलु बंगलादेशबाट आयात भएको देखिन्छ ।

भारतीय आलु आएन भने हाम्रो भान्छामा आलुको परिकार नै बन्दैन । आलुखेती नेपालको हिमाली जिल्लादेखि तराइका फाँटहरुमा जताततै हुने गरेको छ । आलु उत्पादन नहुने जिल्ला छैन । तर, यति ठूलो परिमाणमा आलु आयात भइरहँदा हाम्रो आलुखेती प्रणालीमा के समस्या छ ? भन्ने बिषयमा खोजी गर्नु जरुरी छ । मकवानपुरको थाहानगर बेमौसमी तरकारीसँगै आलु उत्पादनमा निकै प्रसिद्ध मानिन्छ तर, यो बर्ष किसानले आलुखेतीबाट राम्रो आम्दानी लिन नसक्ने सम्भावना देखिएको छ । प्रतिकेजी ५० रुपैयाँ भन्दा बढी मूल्यमा बीउआलु किनेर रोपेका किसानले आलु खन्ने समयमा बजार भाउ राम्रो नभएको बताएका छन् । जेठको पहिलो साताबाट आलु खन्न थालेका थाहानगरका किसानले यतिबेला रातो आलु प्रतिकेजी ३० रुपैयाँ र सेतो आलु प्रतिकेजी २०/२२ रुपैयाँमा बिक्री गरिरहेका छन् । आलुको उचित बजारमूल्य नपाएपछि किसानले आलु खन्न त्यत्ति धेरै उत्साह पनि देखाइरहेका छैनन् । आलु ब्यापारी पनि थाहा नगरमा कमै मात्र उत्रिएका छन् । किसानले आलु खनेपछि खेतबारी जोतेर बन्दाकोभी र खुर्सानी रोप्ने तरखर गरिरहेका छन् । आलुमा मात्र होइन यतिबेला मकवानपुरको उत्तरी क्षेत्रमा पर्ने टिस्टुङ, पालुङ, बज्रबाराही, चितलाङका तरकारी किसानले कुनैपनि तरकारीको मूल्य पाउन सकेनन् । बेमौसमी तरकारीको पकेटक्षेत्रको रुपमा दामनपालुङले परिचय बनाएको धेरै भइसक्यो । चिसो मौसम र उपयुक्त हावापानीका कारण मौसमी मात्रै होइन, बेमौसमी तरकारीका दामनपालुङ क्षेत्र परिचित छ । एकातिर किसानले उत्पादनको उचित मूल्य वा प्रतिईकाई लागत नपाउँने अर्कोतिर उपभोक्ताले उपभोग गर्नै नसक्ने बजारभाउ देखिएको छ । थाहानगरमा प्रतिकेजी ३० रुपैयाँमा किसानले बिक्री गरेको आलु हेटौंडा बजारमा उपभोक्ताले ८० रुपैयाँ प्रतिकेजी मूल्य चुकाउनु परिरहेको छ । बजारको साइकल बिचौलियाको हातमा पुगेपछि किसानले पनि उत्पादनको मूल्य पाउन सक्दैनन् र उपभोक्ताले पनि तिर्नै नसक्ने मूल्यमा उपभोग गर्न बाध्य हुनेछन् । यो बर्ष असिनापानीका कारण पनि आलुको फलाई कम भएको अवस्था छ । लामो खडेरीले पनि आलुबालीलाई असर गरेको स्थानीय किसानले बताएका छन् । यो वर्ष आलुलगायत तरकारी उत्पादनमा गिरावट आएको किसानले जानकारी दिए । महँगो बीउ, मल, खनजोत, मजदुर ज्यालालगायत ठूलो खर्च गरेर तरकारी खेती गरेका किसान तरकारी बजारमूल्य ज्यादै न्यून भएपछि लगानी पनि नउठ्ने चिन्तामा छन् ।

थाहानगरको आलुको मुख्य बजार भनेको काठमाडौं, हेटौंडा, बीरगंज, नारायणगढ, जनकपुर, बिराटनगर, बुटवल, भैरहवा, नेपालगंज हो । दामनपालुङ क्षेत्रमा उत्पादन भएको ४० प्रतिशतको हाराहारीमा तरकारी काठमाडौं जाने गरेको छ । एकातिर असिनाले बोट नष्ट गर्नु, अर्कोतिर बजारमूल्य नपाउनु किसानलाई ठुलो चिन्ताको बिषय बन्न पुगेको छ । पछि भाउ आउला भनेर भण्डारण गर्न पनि समस्या रहेको स्थानीयले बताएका छन् । आर्थिक मन्दीको कारण पनि हुन सक्छ आलु खरीद गर्ने व्यापारी थाहानगर नआएको स्थानीयले बताए । बिगतमा दामनपालुङ उपत्यकाबाट २ अर्ब रुपैयाँको तरकारी निर्यात हुने गरेको तर, यो बर्ष आधा भन्दा पनि कम हुने सम्भावना रहेको स्थानीय तरकारी व्यापारीहरु बताउँछन् । बिगतका बर्षमा १ बोरा बीउ आलु रोप्दा १५ बोरा फल्ने गरेको थियो तर, यो बर्ष १० बोरा पनि फलेको छैन । २०७२ बैशाख १२ को आमबिनाशकारी भुकम्पका कारण त्यो बर्ष थाहानगरका किसानले प्रतिकेजी ९/१० रुपैयाँदेखि ९ रुपैयाँसम्ममा आलु बिक्री गर्नु परेको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० जेष्ठ ९ गते मंगलबार २३ मे २०२३ । चतुर्थी, जेष्ठ शुक्लपक्ष । तछलाथ्व ११४३ ने.सं. । सूर्योदय ५:१३, सूर्यास्त ६:४९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : प्रेमप्रसंग सुमधुर आदर पाइनेछ | **तुला** | : स्वास्थ्यमा बाधा उत्पन्न हुनेछ |
| **वृष** | : अधुरा योजना पूरा हुने देखिन्छ | **वृश्चिक** | : आतिथ्यपूर्ण सम्मान पाइनेछ |
| **मिथुन** | : भाग्योदयको समय रहनेछ | **धनु** | : पवित्र कर्ममा मन जानेछ |
| **कर्कट** | : अध्ययन अध्यापनमा गडबडी हुनेछ | **मकर** | : घरेलु समस्याले सताउने देखिन्छ |
| **सिंह** | : काममा उत्साह बढ्नेछ | **कुम्भ** | : महत्वपूर्ण भेटघाट हुनेछ |
| **कन्या** | : प्रेमको बन्धन कसिनेछ | **मीन** | : उपहार हात लाग्नसक्नेछ |

# कुन ठूलो समस्या हो ? नयाँको प्रियतावाद कि पुरानाको अक्षमता ?



डम्बर खतिवडा

हुन त यो 'पुराना' र 'नयाँ' को वर्गीकरण र त्यस अनुरूपका ध्रुवीकरण कति प्राकृतिक र कति कृत्रिम, कति स्वाभाविक र कति जबर्जस्त हो भन्ने बहस होला नै । सिद्धान्तत: न नयाँ हुँदैमा पुरानोभन्दा राम्रो र गुणस्तरीय छ भन्न सकिन्छ न नयाँ कस्तो होला भन्ने प्रष्टता नभएको कारण 'परीक्षित र असफल' पुरानालाई सधैं काँधमा बोकिरहनुपर्छ भन्नेछ ।

ठीक हो, उस्तै थप एक थान 'डुप्लिकेट' नयाँ हुनु समस्याको समाधान हैन । न त नयाँ पनि 'हामी जस्तै त हुन्' भन्ने च्याङ्लो बर्की जस्तो निरीह भाष्यभित्र आफ्ना अक्षमता, कमजोरी र असफलतालाई ढाकछोप गर्न अभिशप्त देखिनु नै कुनै समाधान हो । यो बहसलाई एकक्षण बेवास्ता गर्ने हो भने पुराना 'वाम-उदारवादी' (लेफ्ट-लिवरल) राजनीतिकर्मी तथा बुद्धिजीवीले 'नयाँ काम' पाएका छन् अचेल- प्रियतावाद (पपुलिज्म) को उछित्तो काढ्ने नाममा नयाँलाई सत्तोसराप गर्ने । आफ्नो आङको भैंसी नदेख्ने, अर्काको आङमा जुम्रो देखाउँदै हिंड्ने । आफ्नो अनुहारको धुलो कहिल्यै नपुछ्ने, आफ्नो अनुहार कुरुप देखायो भनेर ऐना मात्रै पुछ्ने । आफ्ना अन्तरनिहित कमजोरीको खोजी गर्न तत्पर कहिल्यै नहुने, समस्यालाई पन्छाएर सधैं पानीमाथिको ओभानो हुन खोज्ने ।

जस्तो कि एमाले महासचिव शंकर पोखरेल एक फेसबुक स्टाटसमा लेख्छन्, 'आज हाम्रो समाज सामाजिक अराजकताको चरम विन्दुतर्फ उन्मुख छ । आम रूपमा राज्य, संगठित शक्तिहरू, अख्तियारप्राप्त व्यक्तिहरूप्रतिको अविश्वास, निराशा र घृणा त्यसैको उपज हो । सामाजिक अराजकताको जगमा नीतिहीन, उद्देश्यहीन र गन्तव्यहीन पपुलिष्टहरू राजनीतिक विकल्पका रूपमा प्रस्तुत हुने र समाजले त्यसलाई आशाको नजरले हेर्ने अवस्था आजको राजनीतिक नयाँ परिदृश्य हो ।'

उनी अगाडि थप्छन्, 'पपुलिष्टहरूबाट समाजको रूपान्तरण र आर्थिक राजनीतिक संकटको समाधान हुन सक्दैन । उनीहरूबाट हुने भनेको अन्तत: यथास्थितिवादको पक्षपोषण नै हो । दुनियाँका पपुलिष्ट आन्दोलनहरूको अवसान त्यसरी नै हुने गरेको छ । आजका संकटको समाधानका लागि समाजका सबै पक्ष जिम्मेवार भएर समस्याकेन्द्रित सामाजिक बहस र समाधानकेन्द्रित राजनीतिक अभियानमा जुट्नुपर्ने भएको छ । एमाले महासचिव पोखरेलको यो भनाइलाई आजका दिनमा 'वाम-उदारवादी' खेमाको एक प्रतिनिधि अभिव्यक्ति मान्न सकिन्छ ।अंग्रेजीमा एक शब्द छ- डेनायलिज्म । अर्थ हुन्छ- आफ्नो मनोवैज्ञानिक असहजताको कारण अनुभवसिद्ध भइसकेका सत्यहरूलाई समेत अस्वीकार गर्नु । अर्थात् सत्यसँग डराउनु, सत्यबाट भाग्नु, सत्य आत्मसात् गर्न हिच्किचाउनु, सत्यलाई इन्कार गर्नु । पोखरेलको उपरोक्त अभिव्यक्ति मात्र हैन, गत मंसिर ४ यता अझ वैशाख १० गतेको उपनिर्वाचन परिणामपछि समग्र 'वाम-उदारवादी' खेमामा ४ मनोदशा व्याप्त देखिन्छन् । डेनायलिज्म, पाखण्ड, हीनताबोध र अस्तित्व संकटको चिन्ता ।

डेनायलिज्म किन भने मानौं कि आजको समस्या उनीहरूको दाबी जस्तो 'प्रियतावाद' हो नै भने पनि के यो देशको मुख्य समस्या भइसकेको हो ? आज कुन ठूलो समस्या हो ? नयाँको प्रियतावाद कि पुरानाको अक्षमता ? मानौं तीन नयाँ दल राष्ट्रिय स्वतन्त्र पार्टी, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीलाई 'प्रियतावाद' को प्रतिनिधि मान्ने (यद्यपि यो सही हैन) हो भने पनि संसदमा उनीहरूको उपस्थिति कत्रो हो ? के यो निर्णायक शक्ति हो ?

नि:सन्देह हैन । बढीमा १६ प्रतिशत हो, बाँकी ८४ प्रतिशत शक्ति अहिले पनि 'अ-प्रियतावादी पुराना' कै हातमा छ त ! फेरि पनि देशले समस्याको समाधान किन पाइरहेको छैन ? राज्य त्यही र त्यस्तै घिसेपिटे किन छ ? अझ भ्रष्ट र पतित किन हुँदै गइरहेको छ ?

'सामाजिक अराजकता चरम विन्दुतर्फ पुगेको छ' भन्दिएर मात्र भाग्न पाइन्छ ? त्यो अराजकता कहाँबाट, किन र कसका कारणले आयो ? त्यसको संपरीक्षण, आत्मनिरीक्षण र आत्मस्वीकृति चाहिंदैन ? के यो देशले करिब ३४ वर्षदेखि प्रियतावादकै कारणले दु:ख पाएको हो ? यसअघिको 'वाम-उदारवादी परियोजना' जनताका लागि सर्वथा प्रीतिकर तथा सुखदायी थियो ? देश सुशासित र समृद्ध बन्न लागेको थियो, प्रियतावाद आएर एकाएक अवरोध गरेको हो ? नि:सन्देह हैन ।

के विगत ३४ वर्षदेखि देश ठेगानमा नहिंडेको यही ६ महिने प्रियतावादले हो ? दशकौंदेखि देश गरिबी, बेरोजगारी, अल्पविकास, कुशासन र भ्रष्टाचारमा फस्नुको कारण प्रियतावाद हो ? नक्कली भुटानी शरणार्थी प्रकरण प्रियतावादले गराएको हो ? झन्डै दुईतिहाइको बहुमत फास्स न फुस्स भएको नयाँ दलहरूले गर्दा हो ? देशमा रोजगार नपाएर, लाखौं युवायुवती विदेशिएको प्रियतावादले गर्दा हो ? यी कुनै पनि समस्यामा नयाँ दल, वैकल्पिक राजनीति र प्रियतावादको कुनै भूमिका छैन ।

यसका लागि कोही जिम्मेवार छन् भने 'वाम-उदारवाद' नै छ । यो कसैको असफलता र संकट हो भने 'वाम-उदारवादी परियोजना' कै असफलता र संकट हो । यसको उत्तर कसैले दिनुपर्छ भने 'कांग्रेस-कम्युनिष्टहरू'ले नै पर्छ ।

पाखण्ड किनभने मंसिर ४ गतेको आमनिर्वाचन र वैशाख १० गतेको उपनिर्वाचनबाट रास्वपा लगायतको उदयसँगै प्रियतावादको उदय भएको हुँदै हैन । प्रियतावादी राजनीतिको उदय २०७४ को चुनावमै भइसकेको थियो । त्यतिखेर जो प्रियतावादको राजनीतिक उपयोग गर्न तल्लीन थिए, आज तिनै ठूलो स्वरले भन्दैछन्, 'प्रियतावादको उदय समस्या भयो । हामी कसैले यो बिर्सन मिल्दैन कि ठीक त्यतिखेरै अमेरिकामा डोनाल्ड ट्रम्पको उदय भएको थियो । विश्व संचार जगतमा 'पपुलिज्म' र 'डेमागग् खुबै प्रयोग भइरहेका थिए । नेपालको बौद्धिक विमर्शमा पनि यी शब्दले पर्याप्त प्रवेश पाइसकेका थिए । २०७४ को आम चुनावमा तथाकथित 'कम्युनिष्ट एकता' र 'वाम गठबन्धन' ले जुन भ्रम (भ्रम किनभने त्यो पुष्टि भएन) दियो, खासमा प्रियतावाद भनेकै त्यही थियो ।

रवि लामिछानेहरूको राजनीति यदि प्रियतावाद नै हो भने पनि त्यसको स्रोत ओलीपन्थ हो । ओलीपन्थले प्रियतावादको उपयोग गरुन्जेल आनन्द मानेर कानमा तेल हालेर बस्ने वा अझै त्यही प्रियतावादलाई सहयोग गर्दै आएकाहरूबाट आज प्रियतावादको कोकोहोलो किन ? आजको प्रियतावादसँग लड्ने नैतिक अधिकार पनि तिनीहरूसँग मात्रै हुन्छ, जो प्रियतावादको स्रोतसँग हिजोदेखि नै लडेका थिए ।

विवेकपूर्ण तर्कपद्धतिले पुष्टि नगर्ने, सत्यतथ्य विनाका, विज्ञानहीन र रुढिवादी, आधारहीन, उडन्ते, हावादारी र फन्टुस प्रोपागान्डा सृजना गरेर 'अब कम्युनिष्टहरूले कम्तीमा ५० वर्ष खान्छन्' भन्ने भाष्यमा जसरी ओलीलाई 'डेमागग् अवतार' मा प्रदर्शन गरिएको थियो, त्यो नै खासमा प्रियतावाद थियो । ओलीको डेमागग् अवतारले दुई-दुई पटकको असंवैधानिक संसद विघटन सहित जुन संकट ल्यायो, त्यो नै आजको संकटको जग हो । महासचिव पोखरेलले भनेको आजको 'चरम सामाजिक अराजकता' को मुख्य कारकतत्व त्यही थियो, त्यही हो ।

यो पाखण्ड किनभने हिजो यो प्रवृत्तिलाई साथ दिने यिनै थिए । प्रचण्डदेखि माधव नेपालसम्म, शंकर पोखरेलदेखि घनश्याम भूसालसम्म 'ओलीमा अभूतपूर्व नेतृत्व क्षमता देखियो' भन्दै आत्मरति गर्ने यिनै थिए । ओली प्रियतावादको हुन्डरीले झण्डै दुईतिहाइको कमसल ताज पहिर्‍याउँदासम्म सबै मख्ख थिए । जतिखेरसम्म प्रियतावाद आफ्नो राजनीतिक स्वार्थको रोटी सेक्ने भट्टी बनेको थियो, गज्जबको थियो । त्यतिखेर मात्र प्रचण्ड-माधव लगायतकाहरू बिच्किन थालेका थिए- जब ओलीले भागबन्डामा तलमाथि गर्न थाले । कमरेडहरूले भने जस्तो 'भाग खान' पाएनन् । जब भने जस्तो 'भाग खान पाइएनन्, उनीहरू नै प्रियतावादले फुलेको बेलुनमा हावा फुस्काउन सियो घोच्दै हिंडे । विगत पाँच वर्षको नेकपा (नेकपा) को नाटक र नौटंकीलाई बेवास्ता गरेर आजको प्रियतावादको रहस्य बुझ्न सकिंदैन ।

आज ओलीको प्रतिवेदनमा प्रियतावाद, प्रचण्ड-माधवको भाषणमा प्रियतावाद, शंकर पोखरेल-घनश्याम भूसालको लेखमा प्रियतावाद, गोकुल बास्कोटा र महेश बस्नेतको गालीगलौजमा प्रियतावाद । कमरेडहरू- के यो साँच्चै प्रियतावादसँगको लडाइँ हो कि पाखण्ड ? त्यसो त यो प्याकेजभित्र 'देउवा युगको कांग्रेस' का बेढङ्गे सोच र कार्यशैली पनि उत्तिकै जोडिएका छन् । हीनताबोध किनभने- समाजले नयाँलाई 'आशको नजरले हेर्ने अवस्था' इर्ष्या र डाह समेत त्यसमा निहित छ । यस सन्दर्भमा के कुरा स्मरणीय छ भने नेपाली समाजले 'वाम-उदारवादी परियोजना' लाई दशकौं लामो साथ दिएको हो । एकपछि अर्को आशा गरेको हो । तर, त्यसबाट देश र जनताले आफ्ना समस्याको समाधान पाउँदैनन् भन्ने सिद्ध हुन्छ, अनुभवजन्य सत्य स्थापित हुन्छ, के उनीहरू जस्तै जनता र मतदाता पनि सत्यबाट भाग्नुपर्छ भन्ने छ ? नि:सन्देह छैन ।

अस्तित्व भयको चिन्ता किनभने नयाँ र वैकल्पिक प्रयासप्रति उनीहरूको असहिष्णुताको अरू कुनै वस्तुगत कारण देखिंदैन । आफू पनि केही गर्न नसक्ने र अरू कोही नआउन् पनि भन्ने भाव प्रगतिमैत्री र गतिशील सोच हुँदै हैन । निरन्तर प्रगति र गतिशीलतामा विश्वास गर्नेहरूले आफ्नो 'अस्तित्व अन्त्य' हुँदा देश र जनताको हित हुन्छ भने त्यसका लागि समेत तयार रहनुपर्दछ । गतिशील सृष्टिमा कुनै पनि चिजको अस्तित्व सर्वकालिक हुँदैन ।

जसले प्रकृति र प्रगतिको नियममा विश्वास गर्दछ, उसले पुरानाको विलोप र नयाँको उदयको प्रक्रियालाई साथ, सहयोग र उत्साह दिने चरित्र देखाउन सक्नुपर्दछ । यस्तो चरित्र गुमाएको वाम-उदारवादी खेमा आफैंमा यथास्थितिवादको प्रतिनिधि र संरक्षक हो, उसले प्रियतावाद र यथास्थितिवादको अन्तरसम्बन्धबारे प्रवचन गर्नु, अर्ति-उपदेश दिनुको कुनै अर्थ हुँदैन ।

पूँजीवाद र साम्यवाद अन्तिम विचार धारा थिएन, हैनन् । 'वाम-उदारवादी परियोजना' विकल्पहीन एक मात्र राजनीतिक परियोजना थिएन, हैन । कांग्रेस-कम्युनिष्ट अन्तिम सत्य पार्टी थिएनन्, हैनन् । बरु जुन देशमा यी चिज लोप भइसकेका छन्, ती देशको उन्नति, प्रगति अझ राम्रो छ । र त्यो उन्नत विकल्पबाट नेपाली समाज मात्रै सधैं वञ्चित रहनुपर्छ भन्ने छैन । 'वाम-उदारवादी परियोजना' को एकाधिकार अब सम्भव छैन । त्यो युगको अन्त्य हुँदैछ र हुन जरूरी पनि थियो ।

समयले जब कसैलाई छोड्छ, कुनै मोलाहिजा विना निर्ममतापूर्वक छोड्दछ । उपनिर्वाचनको परिणामले मंसिर ४ को आम निर्वाचनले भन्दा बढी प्रष्ट भाषामा समयले पुरानालाई छोड्न थालेको घोषणा गरेको छ । यो समयको घोषणापत्र, युगको घोषणापत्र हो । डेनियालिज्म, पाखण्ड, हीनताभास र अस्तित्व भयको चिन्ताबाट उत्पन्न अक्षमताको बर्को ओढेर अब पुरानाले नयाँसँगको लडाइँ जित्न सक्ने छैनन् । *साभार: अनलाइनखबर*

# भ्रष्टाचारको जरो राजनीतिमा हुन्छ



प्रा.कृष्ण पोख्रेल

नक्कली भुटानी शरणार्थीको विषयलाई फरक ढङ्गले हेर्नुपर्छ । अहिले भइरहेको भ्रष्टाचार भनेको पावरमा हुनेले आफ्नो शक्तिलाई समाजको हितका लागि, राज्यका हितका लागि नभएर आफ्नो हितका लागि दुरुपयोग गरेको छ । त्यो अख्तियारको दुरुपयोग हो ।

अहिले सार्वजनिक भएको भ्रष्टाचार राज्यविरुद्धको अपराध मात्रै होइन मानवताविरुद्धको अपराध हो । कुनै एउटा मुलुकको नागरिक भनेको त्यो राज्यको सदस्य हो । नागरिक सार्वभौम व्यक्ति हो । नागरिक सार्वभौम सत्ता सम्पन्न हुन्छ, उसको एउटा भोटले शासनको बागडोरमा कोही एक जना पुग्छ भने अरू गल्लीमा पुग्छन् । त्यो सार्वभौम नागरिकलाई अनागरिक बनाएर अर्को मुलुकमा पठाउने कार्य कल्पना बाहिरको कुरा हो । यो मानवताविरुद्धको अपराध हो । यसका विरुद्धमा लाग्नु हामी सबैको दायित्व हो ।

सामान्यतया: मानिसलाई के लाग्छ भने आर्थिक क्षेत्रमा, औद्योगिक क्षेत्रमा मात्रै भ्रष्टाचार हुन्छ । होइन, भ्रष्टाचारको जरो भनेको राजनीतिमा हुन्छ । म राजनीतिशास्त्रको विद्यार्थी हुँ । ४० वर्ष पढाएँ मैले । झापा, विराटनगर, काठमाडौंमा पढाएको छु । मैले पाएको निचोड के हो भने जुनसुकै भ्रष्टाचारको पनि जरो भनेको राजनीतिमा हुन्छ । जबसम्म राजनीति सङ्लिँदैन तबसम्म भ्रष्टाचार हट्दैन । भ्रष्टाचार गर्नेको न जाति हुन्छ, न कुनै लिङ्गभेद हुन्छ, न कुनै पार्टी हुन्छ । भ्रष्टाचार भनेको भ्रष्टाचार नै हो । यसका विरुद्धमा लाग्नुपर्छ । जसरी हात धोयो भने हात सफा हुन्छ । खुट्टा धुँदा खुट्टा सफा हुन्छ । तर टाउकोबाट पानी खन्यायो भने शरीर सबै सफा हुन्छ । त्यस्तै गरी राजनीति भनेको टाउको हो । त्यसकारण राजनीति सङ्लो हुनुपर्छ । राजनीतिक व्यक्तिको आड नभई प्रशासनमा पनि भ्रष्टाचार बढ्दैन ।

अहिलेकै केस हेर्ने हो भने अनुभव नभएको टेकनारायण पाण्डेलाई गृह मन्त्रालयको सचिव बनाइयो । त्यहाँ राजनीतिक चलखेल भयो । उनी पनि त्यहाँ जान तयार भए । त्यो काम गर्न मञ्जुर भए । यसले गर्दा उनलाई नै सामेल गराएर यो काम भयो ।

त्यसभन्दा अगाडि भूमि सुधार कार्यालयमा हुँदा पनि उनले नीतिगत भ्रष्टाचारको अभ्यास गरे । २०२१ सालमा भूमि सुधार ऐन लागू हुँदा कृषि उद्यम गर्नेहरूका लागि जग्गा हदबन्दी लाग्दैन भन्ने कानुनी व्यवस्था गरियो । त्यही कानुनका आधारमा झापामा चिया उद्योग खोलियो । सो ऐनमा त्यसरी सञ्चालित कृषि उद्योग बन्द भएमा जग्गा राज्यको हुनेछ भन्ने प्रस्ट व्यवस्था थियो । प्रस्ट कानुन छ । त्यहाँ एक हजार बिघाभन्दा बढी जग्गा थियो । तर त्यो कानुन परिवर्तन गर्ने काममा यिनै पाण्डे संलग्न भए ।

कानुन परिवर्तन गरेर त्यति नै जग्गा अरूतिर किनेर चिया बगान सार्न पाइने व्यवस्था बनाइयो । त्यो बिर्तामोडसँग जोडिएको चिया उद्योग थियो । त्यस्तो प्राइम लोकेसनको जग्गा बेच्न पाउने बनाउन त्यहाँ पोलेसी करप्सन भयो । त्यो भूमिसम्बन्धी ऐनमै संशोधन गरेर सट्टाभर्ना गरेर जान सकिने र बेच्न सकिने बनाए । त्यो पोलिसी करप्सन कसले गर्छ भन्दा राजनीतिक नेताले गर्छन् । त्यसलाई फिडब्याक कसले दिन्छ भन्दा कर्मचारी प्रशासनले दिन्छ ।

आजका युवाहरूमा प्राय: राजनीतिप्रति वितृष्णा छ । राजनीति भनेको हाम्रो सरोकारको कुरा होइन भन्ने उनीहरूको सोच छ । तर एउटा महत्वपूर्ण कुरा के छ भने राजनीति मन पराए पनि मन नपराए पनि त्यसको प्रभावबाट तपाईं मुक्त हुन सक्नुहुन्न । जसरी काललाई पर सार्न सकिँदैन त्यसरी नै राजनीतिलाई पनि टार्न सकिँदैन । त्यसको अनुकूल वा प्रतिकूल प्रभावमा प्रत्येक नागरिक पर्छ । त्यस कारण राजनीति जान्नु पनि पर्छ र राज्यका नीतिहरू सही बनाउनका लागि आन्दोलनमा उत्रन जरुरी हुन्छ भने सडकमा आउनु पनि पर्छ ।

मान्नुहोस् तपाईं बक्सिङ रिङमा हुनुहुन्छ । तपाईंलाई राजनीतिले बक्सिङ हानिरहेको छ । तपाईंलाई राजनीति अलिकति थाहा भयो भने मात्र न रोक्नु हुन्छ, थाहा नै पाउनु भएन भने रोक्न सक्नुहुन्न । त्यस कारण राजनीति बुझेर राज्यलाई खबरदारी गर्नुपर्छ । नेतालाई खबरदारी गर्नुपर्छ । यो कुरा युवाले बुझ्नुपर्छ ।

हामी नागरिक अगुवा भनेको ७०-८० उमेरका भइसक्यौं । हामी अस्ताउँदो सूर्य भइसक्यौं । यो अभियान भनेको लामो रिले दौड हो । यो दौडको जिम्मा हामीले युवालाई हस्तान्तरण गर्न सक्यौं भने मात्रै नागरिक आन्दोलन जीवित रहन्छ । म हिजो पनि यो आन्दोलनमा सहभागी भएको थिएँ । यस्तै यस्तै गर्दै, थोरै थोरै हुँदै जाने हो । एउटा एउटा लठ्ठी हुँदै सय लठ्ठी बन्नुपर्छ । थोपा थोपा हुँदै सागर बन्ने हो । यसरी नै थपिँदै जाँदा हामी अगाडि बढ्न सक्छौं । यो जोश हामी कायम राख्छौं । यहाँ मात्रै भइरहेको छैन, नेपालका विभिन्न ठाउँमा पनि भ्रष्टाचारविरुद्ध आन्दोलन भइरहेको छ । अहिले नेपालमा के भइरहेको भनेर हरेक नागरिकको मन उद्वेलित भइरहेको छ ।

अब विदेशीले नेपाल त मान्छे बेच्नेहरूको मुलुक हो भन्न थाले । भुटानी नेता टेकनाथ रिजाललाई सरकारले सुविधा दिएरै राखेको थियो । उनका दुईवटा छोरा क्यानडामा थिए । उनलाई किन यस्तो काम गर्नुपर्‍यो ? भ्रष्टाचारको भाइरसले उनलाई पनि छोडेन । यी कुरालाई ध्यानमा राखेर हामीले कुन ढङ्गले हुन्छ यो आन्दोलनलाई अगाडि बढाउनुपर्छ । हामीले स्वरमा स्वर मिलाउनुपर्छ । त्यसपछि मात्रै हामी एउटा विन्दुमा गएर सफल हुन्छौं । यस पटक भ्रष्टाचारविरुद्ध जुन ढङ्गले काम अगाडि बढेको छ यो रोकिनेवाला छैन ।

नेपालीले कहिलेसम्म बलिदान दिने ? २०४६ सालमा हामीले आन्दोलन गरेका छौं । ०६२-०६३ मा जनताले आन्दोलन गरे । परिवर्तन आयो । त्यो परिवर्तनको लाभांश खोइ ? परिवर्तनको लाभांश नेपालीले पाउने होइन ? उनीहरूको दैनिक जीवनमा सुखसुविधा आउने होइन ? विकास र समृद्धिको लाभांश उनीहरूले पाउने होइन ? विकास हेरेर मान्छे सन्तुष्ट हुने कुरा होइन । विकास भनेको उपभोग गर्ने कुरा हो । प्रत्येक नागरिकले त्यो फल प्राप्त गर्न सक्नुपर्छ । अनि मात्रै त्यो विकासको अर्थ हुन्छ ।

> नेपालीले कहिलेसम्म बलिदान दिने ? २०४६ सालमा हामीले आन्दोलन गरेका छौं । ०६२-०६३ मा जनताले आन्दोलन गरे । परिवर्तन आयो । त्यो परिवर्तनको लाभांश खोइ ?

यत्रो बलिदानपछि आएको परिवर्तन नेताका लागि मात्रै हो ? मुट्ठीभरका प्रशासकहरूका लागि मात्रै हो ? यो आजको अहम् प्रश्न हो । त्यो प्रश्नको उत्तर नखोजी हुँदैन । हामीले प्रश्न गर्न छाड्न हुँदैन । त्यो प्रश्न गरेरै यसको उत्तर खोज्नुपर्छ र जवाफ माग्नुपर्छ । जवाफ भनेको यस पटक जो जो यसमा सहभागी छन्, ती कोही पनि बाँकी रहनुहुँदैन । यो सुरुवात हो । यसले यसभन्दा अगाडिका भ्रष्टाचारका विषयलाई पनि उठान गर्छ । एकै पटक सबै कुरा लिएर आयौं भने हराउँछ त्यहाँ । जसरी गाउँमा चोर आयो चोर खोज्न मान्छे हिंडे चोर पोखरीमा हामफाल्यो । खोज्नेहरू पनि पोखरीमा हामफाले । गाउँकै चोर थियो चोर पनि चोर खोज्दैछ गाउँले पनि चोर खोज्दैछन् भन्ने स्थिति आउन सक्छ । त्यस कारण हामीले पहिले एउटा इस्यु जुन अहिले आएको छ यसलाई पार लगाऔं । त्यो पार लगाएपछि बाँकी कहाँ जालान् ? यही मुलुकमा रहलान् । मुलुक नै छोडेछन् भने पनि इन्टरपोलमार्फत घोक्रेठ्याक लगाएर ल्याउन सकिन्छ । विराटनगरमा शनिबार आयोजित भ्रष्टाचारविरुद्धको अभियानमा पोखरेलले दिएको मन्तव्यको सार सङ्क्षेप ।

*साभार : रातोपाटी*

# रेल चलेको ९६ वर्षपछि रेलमार्गको राष्ट्रिय गुरुयोजना बन्दै




काठमाडौं/सरकारले नेपालमा रेलमार्ग बनेको एक शताब्दीपछि रेलमार्गको राष्ट्रिय गुरुयोजना बनाउने भएको छ । चालु आर्थिक वर्ष २०७९/८० मा 'राष्ट्रिय रेलमार्ग गुरुयोजना' निर्माणका लागि रेल विभागले प्रक्रिया अघि बढाएको छ ।

नेपालमा रेल सेवा सुरु भएको करिब ९६ वर्षपछि नेपाल सरकारले रेलमार्गको राष्ट्रिय गुरुयोजना बनाउन तयारी अघि बढाएको हो । सरकारले ९ खर्ब ५५ अर्ब रुपैयाँ लागतको पूर्व-पश्चिम रेलमार्ग बनाउन सुरु गर्दा समेत यस्तो गुरुयोजना बनाउन चासो दिएको थिएन । यो रेलमार्गका लागि मात्रै २७ अर्ब ४८ करोड रुपैयाँ खर्चिएपछि सरकार रेलमार्गको गुरुयोजना बनाउन अघि सरेको हो ।

विभागका महानिर्देशक रोहितकुमार बिसुरालका अनुसार विभागले गुरुयोजना तयार गर्ने कम्पनी छनोट गर्न टेन्डरको सूचना प्रकाशित भइसकेको छ । 'कुनैपनि कामको सुरुवात त्यसको गुरुयोजना बनाएर त्यसअन्तरगत नै गर्दा त्यसले बढी लाभ दिन्छ,' विभागका महानिर्देशक बिसुराल भन्छन्, 'विगतमा किन गुरुयोजना नबनाई नयाँ रेलमार्गहरुको निर्माणका लागि अघि बढ्यो थाहा छैन, तर अब रेलमार्गको गुरुयोजना बनाएर त्यसअनुसार काम गर्छौं ।'

विभागका अनुसार नेपालमा पहिलोपटक सन् १९२७ मा बाराको अमलेखगञ्जबाट भारतको रक्सौलसम्म करिब ४८ किलोमिटर लामो रेलसेवा सुरु भएको थियो । त्यसअघि नै यो रेल चलाउन रेलमार्ग तयार गरिएको थियो ।

यो सेवा सन् १९६० सालमा बन्द भयो । तर, सन् १९३७ मा भारतको जयनगरदेखि जनकपुरसम्म ५१ किलिमेमिटर लामो दोस्रो रेल सेवा सुरु भएको थियो । यो रेल सेवा सन् २०१४ मा बन्द भएर भारत सरकारले स्तरोन्नति गरेपछि सन् २०२१ पछि मात्रै सञ्चालनमा आएको छ ।

तुलनात्मक रुपमा अन्य यातायात सेवाभन्दा रेल सेवासुलभ, भरपर्दो र सुविधाजनक मानिन्छ । सरकारले राज्यको आर्थिक विकासमा टेवा पुर्‍याउन, आन्तरिक रेल सञ्जालको विकास एवम् विस्तारका साथै छिमेकी राष्ट्रहरुको रेल सञ्जालसँग आवद्ध भन्दै रेल विभाग गठन गरेर भएको नै १२ वर्ष हुन लाग्यो ।

रेल सम्बन्धी नीति निर्माणमा सहयोग गर्न, दिगो पूर्वाधार विकास, विस्तार र सेवा सञ्चालन गर्ने कार्यमा मार्गनिर्देशन गर्न स्थायी संरचना आवश्यक पर्ने भन्दै सरकारले १ असार २०६८ मा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत रेल विभाग स्थापना गरेको थियो ।

तर, यो विभागले दिगो पूर्वाधार विकासमा भन्दा पनि रेलमार्गका अध्ययन गराउँदै ठेक्का लगाउनमै बढी ध्यान लगायो । यसकै कारण रेलमार्गमा अहिलेसम्म भएका लगानी पनि प्रतिफलमुखी हुन सकेको छैन ।

रेलमार्गमा हचुवामा लगानी भएको भन्दै विज्ञहरुले पनि रेलको गुरुयोजना बनाएर मात्रै निर्माण अघि बढाउन सुझाव दिँदै आएका थिए । पछिल्लो पटक २०६८ मा डा. बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा रेलको चर्चा आएको र योजनामा परेको थियो ।

केरुङ-काठमाडौं रेलमार्ग, रक्सौल-काठमाडौं रेलमार्ग, पूर्व-पश्चिम रेलमार्ग लगायत मुलुकमा रेल प्रणालीको विकासलाई सरकारले अघि बढाउन खाजेको छ । पूर्व-पश्चिम रेलमार्गको एक खण्डबाहेक सबैको विस्तृत परियोजना प्रतिवेदन तयार भइसकेको छ ।

पछिल्लो चरणमा रेलमार्गका योजना तथा आयोजनाहरुमा विवाद र अन्योल उत्पन्न भएका छन् । सरकारले ढुवानीका हिसावले पनि बढी सम्भाव्य मानिएको काठमाडौं-रक्सौल रेलमार्ग नबनाई बर्दिबासबाट निजगढ जोड्न ठेक्का लगाएर काम गराइरहेको छ । अहिले प्रस्तावित रेलमार्ग नेपाललाई चाहिने हो कि हैन भन्ने बहस छ ।

सरकारले अहिलेसम्म तथ्यसहित तार्किक जवाफ समेत दिन सकेको छैन । यस्तो अवस्थामा अब बन्ने रेलमार्गको गुरुयोजनाले यस्ता बहसलाई निष्कर्षमा पुर्‍याउन सहज हुने विभागका अधिकारीहरु बताउँछन् । 'कहाँ मेनोरेल, कहाँ मेट्रोरेल र कहाँ अन्य प्रविधिका रेलमार्ग चलाउने भनेर गुरुयोजनाले स्पष्ट गर्छ,' महानिर्देशक बिसुराल भन्छन्, 'त्यसैअनुसार निर्माण हुने भएकाले भविष्यमा बन्ने रेलमार्गहरुले छिटो प्रतिफल दिन सक्नेछन् ।' जनसंख्याको वितरण, शहरहरुको अवस्थिति, भू-बनोट र अन्य पक्षमा आधारित भएर रेलमार्गहरु बन्नुपर्छ भन्ने मान्यता छ । विज्ञहरुका अनुसार सामान्यतया: धेरै जनघनत्वसहित भूमि लाम्चो छ भने त्यसमा रेल्वे यातायात प्रतिस्पर्धी हुन्छ ।

सडक यातायातमा जस्तो रेल यातायातमा प्रस्थान विन्दुदेखि यात्रुको अन्तिम गन्तव्यसम्मै रेल जाँदैन । त्यसैले बढी जनघनत्व केन्द्रित ठाउँमा स्टेसन राखिन्छ । रेलको यात्रुवाहन क्षमता अत्यधिक हुन्छ, र नाफामूलक सञ्चालनका लागि पर्याप्त यात्रुसंख्या चाहिन्छ । दुई लेनको बाटोको भन्दा दुई लाइनको रेल्वेले तीन चार गुणासम्म बढी यात्रु बोक्न सक्छ । यस्ता पक्षलाई हेरेर गुरुयोजना बनाउनुपर्नेमा राजनीतिक नेतृत्वले चाहेको रुटबाट रेलमार्गको योजनाहरु अघि बढेका छन् ।

विज्ञहरुका अनुसार काठमाडौंमा मेट्रो रेलको निर्माण अनिवार्य बनेको छ । उच्च लागत भनेर बनाइएन भने काठमाडौंमा ट्राफिक जामले निम्त्याउने समस्याले गर्दा हामीले निकै महँगो मूल्य चुकाउनुपर्ने अवस्था छ । बारम्बार अध्ययन हुने तर, कुन रुटमा कहिलेसम्म मेट्रो बनाउने भन्नेबारे सँधैं अन्योल भइरहने अवस्था विद्यामान छ ।

पूर्वाधारविद् सूर्यराज आचार्यका अनुसार रेलको ठीकठाकसँग निर्माण र सञ्चालन गर्न नसके रेलमार्गहरु सेतो हात्ती पनि हुन सक्छन् । 'औचित्य छ भनेर गरिने सबै कामले राम्रो परिणाम दिन्छ भन्ने हुँदैन । औचित्यपूर्ण कुरालाई सही तरिकारले योजना बनाउनुपर्छ, सही ठाउँको छनोट गर्नुपर्छ, सही तरिकाबाट निर्माण र सञ्चालन गर्नुपर्छ,' उनले भने, 'त्यसमा चुक्यौं भने स्रोत र लगानीको दुरुपयोगसँगै भविष्यमा घाँडो पनि हुन सक्छ ।'

बनाएको रेल नचल्ने अवस्था आउन नदिन अहिले नै गुरुयोजना बनाएर अघि बढनु उचित हुने आचार्यको भनाइ छ ।

पूर्व-पश्चिम रेलमार्गको डीपीआर बनेपनि तर त्यसमा समीक्षा हुनुपर्ने विज्ञहरुको मत छ । विज्ञ आचार्यका अनुसार सरकारले रेलको ट्र्याक बनाउँदैमा सडकमार्गमा जस्तो नागरिकसँग त त्यसमा चलाउने गाडी हुँदैन ।

'रेलमा ट्र्याक हुन्छ, रेलका डिब्बाहरु हुन्छन्, सिग्नलहरु हुन्छ र रेल समष्टिगत प्रणालीमा चल्छ । त्यसैले हामीले रेलमार्ग बनाउने कुरा गर्दा अहिले नै सञ्चालनसम्मको कुरा सोच्नुपर्छ,' उनी भन्छन्, 'रेल बिल्कुलै सडकजस्तो हैन । रेलमार्ग बनाउँदा नै सञ्चालनसम्मको विषय छर्लंग हुनुपर्छ, त्यसैले यसले एउटा गम्भीर गृहकार्य र योजना खोज्छ ।'

नेपालमा चर्चामा रहेका पूर्व-पश्चिम रेलमार्ग, केरुङ काठमाडौं, रक्सौल-काठमाडौं, काठमाडौं-पोखरा र काठमाडौं-लुम्बिनी रेलमार्ग लम्बाइ १३-१४ सय किलोमिटरभन्दा बढी छ । काठमाडौंमा मेट्रो र मोनोरेल परियोजनाबारे पनि थुप्रै अध्ययन भएका छन् । रेलका यी आयोजना कार्यान्वयन गर्न नेपालसँग पर्याप्त प्राविधिक र पूँजीगत क्षमता छैन । तर, वैदेशिक सहयोग र हाम्रो आफ्नै पूँजी पनि परिचालन गर्दा क्रमश: रेल आयोजनाको कार्यान्वयन विलकुलै सम्भव छ ।

'रेलमार्ग बनाउने हाम्रो राजनीतिक अठोट भयो भने हामीले सबैभन्दा पहिला एकीकृत भौतिक योजनाबनाउनुपर्छ,' आचार्य भन्छन्, 'रेल, सडक, हवाई, रोपवे र जल यातायातलाई एकै ठाउँमा राखेर योजना बन्नुपर्छ ।'

सरकारले चालु आर्थिक वर्षको २०८०/८१ को नीति तथा कार्यक्रममा विज्ञहरुको आवाजलाई सम्बोधन गर्न केही व्यवस्थाहरु गर्न खोजेको छ । नीति तथा कार्यक्रममा सरकारले रेल यातायातसँग सम्बन्धित बोर्ड, कम्पनीलगायतका सबै संरचनालाई एकीकृत गर्ने योजना ल्याएको छ ।

'सडक यातायात, रेल, जलमार्ग र हवाई क्षेत्रलाई समेट्ने गरी एकीकृत राष्ट्रिय यातायात गुरुयोजना तयार गरिने विषय पनि आएको छ,' नीति तथा कार्यक्रममा भनिएको छ । तर, विज्ञहरु सरकारले प्रतिवद्धताअनुसार समग्र यातायातको गुरुयोजना बनाएर काम गर्नेमा अझै विश्वस्त भने छैनन् ।

*(स्रोत: अनलाइनखबर)*

# जेलमा बस्दा पलको मन हुन्थ्यो मुस्ताङमा



काठमाडौं/अभिनेता पल शाहले एक घटनाका कारण एक वर्ष जेल जीवन बिताए । गत वर्षको फागुनमा जेलमुक्त भएका उनले केही दिनको विश्रामपछि लगातार म्यूजिक भिडियोमा काम गरिरहेका छन् । उनको कमब्याक भिडियो 'तिमीलाई हेर्ने बानी पर्‍यो'को फिमेल भर्सन अघिल्लो हप्ता रिलिज भयो । जसलाई उनी आफैंले निर्देशन गरेका थिए भने आफ्नै जेल जीवनलाई दृश्यमा उतारेका थिए ।

जेलबाट छुटेपछि उनको दोस्रो भिडियो 'आँशु बनि नखस कैले नि' शनिबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक गरियो । यो गीत मुस्ताङ क्षेत्रमा खिचिएको हो । पल आफैंले निर्मातासँग मुस्ताङमा छायांकनको प्रस्ताव राखेका रहेछन् । मुस्ताङसँगको 'कनेक्सन' उनको जेल जीवनसँग जोडिएको छ । उक्त कार्यक्रममा उनले गीत छायांकनका लागि मुस्ताङ रोज्नुको रहस्य खुलाए ।

'गीत कहाँ खिच्ने भनेर छलफल हुँदा मैले मुस्ताङमा खिचौं भनेर प्रस्ताव राखेको थिएँ,' उनले जेल जीवन सम्झँदै भने, 'विश्वविद्यालय (जेल)मा हामी २ घण्टा मेडिटेसन गर्थ्यौं । त्यहाँ हामीले पर्खाल र आकाश मात्र देख्थ्यौं । मेडिटेसनमा शवासन भन्ने आशन हुन्छ । त्यो बेला गुरुले आँखा चिम्लेर पर्खाल बाहिरको दुनियाँमा आफूलाई कल्पना गर्नुस् भन्नुहुन्थ्यो । त्योबेला मेरो मन मुस्ताङमा हुन्थ्यो ।'

मेडिटेसन गर्ने ठाउँबाट उनी बस्ने कोठा मुस्ताङ पुग्नझैं टाढा थियो । कोठा पुग्न उनले ९/१० वटा चेनगेट पार गर्नुपर्थ्यो । ती चेनगेट खोल्दै निस्कँदा उनको मन भने सधैं मुस्ताङमा हुन्थ्यो । उनी सम्झन्छन्, 'मुस्ताङको हरियाली, ल्यान्डस्केप, ड्राइनेस, खोला मात्र मलाई याद आउँथ्यो । निस्केपछि मुस्ताङ जान्छु भनेर सोच्थें । बाहिर निस्किएपछि मैले नै यो गीत मुस्ताङमा खिचौं भनेको थिएँ ।'

जेलमुक्त भएपछि पलले म्यूजिक भिडियोमा मात्र काम गरिरहेका छन् । उनलाई फिल्मबाट पनि प्रस्तावहरु पुगिरहेको छ । एउटा टिमसँग भने उनको काम गर्ने सहमति भइसकेको जानकारीमा छ । जेल जानुभन्दा अगाडि उनले तीनवटा फिल्म सम्झौता गरेका थिए । तर, अहिले उनी ती फिल्ममा काम गर्ने मनस्थितिमा नै देखिएका छैनन् । उनलाई फिल्ममा सुखद कमब्याकको दबाब छ ।

# 'सतीदेवी' प्याकअप, मालिका गाउँले चरित्रमा




काठमाडौं/पत्रकारिताबाट निर्देशनमा होमिएका लक्ष्मण सुवेदीले आफ्नो तेस्रो फिल्म 'सतीदेवी'को छायांकन पूरा गरेका छन् । बैशाख ११ गते भद्रकाली मन्दिरमा मुहूर्त गर्दै काठमाडौंबाट छायांकन सुरु गरेका उनले शनिबार लमजुङको एक गाउँमा फिल्म 'प्याकअप' गरेका हुन् । काठमाडौंमा ४ दिन र गण्डकी प्रदेशको लमजुङ र तनहुँमा २३ दिन छायांकन भएको फिल्म गाउँले परिवेशमा बनेको छ ।

फिल्मको केन्द्रीय भूमिकामा अभिनेत्री मालिका महत छिन् । उनकै वरिपरि कथा घुमेको छ । उनले फिल्ममा गाउँले चरित्र निर्वाह गरेकी छन् । निर्देशक सुवेदीले छायांकनको क्रममा मालिकाको लुक्स फेसबुकमार्फत सार्वजनिक गरेका थिए, जसले उनको भूमिकाप्रति दर्शकमा कौतुहलता जगाएको छ । निर्देशक सुवेदीले फिल्म आफूले सोचेको भन्दा बुलन्द बनेको दाबी गरेका छन् ।

गोल्डेन स्टेट मुभी मेकर्स एलएलसी क्यालिफोर्निया र दिलासा क्रियशनको संयुक्त ब्यानरमा निर्माण भएको यो फिल्ममा मालिकाका अलावा भोलाराज सापकोटा, रमेश बुढाथोकी, कुलदीप अधिकारी, सन्दिप बाबु लोहनी, सुजिता सिवाकोटी, विमल श्रेष्ठ, तुलसी प्रसाद श्रेष्ठ, मनिषा सापकोटा, सृजना अधिकारी, बाल कलाकारहरु हर्षिका वली र मन्जिला बानियाँलगायतको अभिनय रहेको छ ।

फिल्ममा निर्देशक सुवेदी स्वयंको निर्माण, गीत र स्क्रिप्ट लेखन छ । बाबु श्रेष्ठको छायांकन, रामजी लामिछानेको कोरियोग्राफी, देव महर्जनको द्वन्द्व निर्देशन, दीपक शर्मा र सुभाष भुषालले संगीत रहेको फिल्मलाई दशैं आसपासमा प्रदर्शन गर्ने योजनामा निर्देशक सुवेदी छन् । करिब ७ वर्षपछि निर्देशनमा फर्किएका उनले यसअघि 'एउटा साथी' र 'लालजोडी' फिल्मको निर्देशन गरेका थिए ।

# १० महिनामा पौने ३ खर्बले घट्यो आयात

काठमाडौं/चालु आर्थिक वर्ष (आव) २०७९/८० को १० महिना (वैशाख मसान्त)सम्म वस्तु आयातमा पौने ३ खर्बले गिरावट आएको छ । भन्सार विभागले सार्वजनिक गरेको चालु आवको साउन-वैशाखसम्मको तथ्यांक अनुसार यस अवधिमा १३ खर्ब ३५ अर्ब ३२ करोड २४ लाख रुपैयाँ बराबरको वस्तु आयात भएको छ ।

यो गत आर्थिक वर्ष २०७८/७९ को तुलनामा १६.७८ प्रतिशतले कम हो । गत आवको यस अवधिमा १६ खर्ब ४ अर्ब ६५ करोड रुपैयाँको वस्तु आयात भएको थियो । अर्थात अघिल्लो आवको तुलनामा यस आवमा पौने ३ खर्बले आयात संकुचन भएको छ ।

अर्थतन्त्रमा बाह्य क्षेत्रको दबाब कम गर्न सरकारले चालु आवको सुरुवाती महिनाबाटै आयातमा कडाइ गरेको थियो । जसको परिणाम स्वरुप १० औं महिनासम्म समेत आयातमा संकुचन जारी छ । चैत महिनामा केही बढेको आयात वैशाखमा पुन: कम भएको छ ।

चैतमा यस आवको सर्वाधिक १ खर्ब ४३ अर्ब १२ करोड रुपैयाँको वस्तु आयात भएकोमा वैशाखमा घटेर १ खर्ब ३४ अर्ब रुपैयाँको मात्र वस्तु आयात भएको छ । यो अघिल्लो महिनाको तुलनामा ९ अर्ब रुपैयाँले कम हो ।

सरकारले मंसिर मसान्तसम्म कायम आयात प्रतिवन्ध १ पुस २०७९ बाट लागु हुने गरी हटाएको थियो । एलसी खोल्दा चाहिने नगद मार्जिनको प्रावधान ५ माघ २०७९ बाट हटाइएको थियो । सरकारले आयात प्रतिवन्धका कारण राजस्व खुम्चिएको भन्दै यी प्रतिवन्ध हटाएको थियो । यी प्रतिवन्धका कारण कमी आएको आयात माघपछि विस्तार हुन थालेको हो ।

**राजस्वमा झण्डै १ खर्बको गिरावट**

आयातमा आएको संकुचनको प्रभाव सरकारले गर्ने आम्दानीमा समेत परेको छ । चालु आवको १० महिनामा भन्सार विन्दुबाट सरकारले ३ खर्ब ८ अर्ब रुपैयाँ राजस्व संकलन गरेको छ । गत आव २०७८/७९ मा भन्सार विन्दुबाट सरकारले ४ खर्ब ५ अर्ब रुपैयाँ राजस्व उठाएको थियो ।

भन्सार विन्दुमा परेको राजस्व संकलनको यो खाडलको असर समग्र राजस्व संकलनमा समेत परेको छ । महालेखा नियन्त्रकको कार्यालयका अनुसार शनिबारसम्म सरकारले भन्सार र आन्तरिक राजस्व गरी कुल ७ खर्ब ६५ अर्ब रुपैयाँ राजस्व उठाएको छ । यो यस आवको लक्ष्यको मात्र ५४.५७ प्रतिशत हो ।

**निर्यातमा झनै ठूलो संकुचन**

चालु आर्थिक वर्ष २०७९/८० मा वस्तु निर्यातमा झनै ठूलो संकुचन आएको छ । १० महिनाको अवधिमा १ खर्ब ३० अर्ब ९० करोड रुपैयाँ बराबरको वस्तु निर्यात भएको छ । यो अघिल्लो आवको तुलनामा २४.४९ प्रतिशत कम हो । अघिल्लो आवको वैशाखसम्म १ खर्ब ७३ अर्ब ३४ करोड रुपैयाँ बराबरको वस्तु निर्यात भएको थियो । वस्तु आयात र निर्यात दुवैमा आएको संकुचनमा आएको कमीले कुल वैदेशिक व्यापारको आकार समेत घटेको छ । वैशाखसम्म नेपालको कुल वैदेशिक व्यापारको आकार १४ खर्ब ६६ अर्ब २२ करोड रुपैयाँ बराबर पुगेको छ । यो अघिल्लो आवको यसै अवधिको तुलनामा १७.५४ प्रतिशतले कम हो । अघिल्लो आवमा यो अवधिमा वैदेशिक व्यापारको आकार १७ खर्ब ७८ अर्ब रुपैयाँ रहेको थियो ।

# जापान पठाउने भन्दै साढे २ करोड ठगी आरोपमा एक जना पक्राउ

विराटनगर/वैदेशिक रोजगारीका लागि जापान पठाउने भन्दै सर्वसाधरणबाट दुई करोड ५३ लाख भन्दा बढी रकम ठगी गरेको आरोपमा एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा मोरङको सुनवर्षी नगरपालिका- ६ का ३७ वर्षीय अजयकुमार राजवंशी रहेका छन् ।

उनीविरुद्ध मोरङ र झापाका ३६ जना युवाले ठगी आरोपमा उजुरी दिएका थिए । जिल्ला प्रहरी कार्यर्यालय मोरङका प्रहरी नायव उपरीक्षक रञ्जनकुमार दाहालका अनुसार ३६ जनाबाट २ करोड ५३ लाख ७५ हजार रुपैयाँ ठगी गरेको उजुरी परेको छ । एक वर्षदेखि फरार अवस्थामा रहेका राजवंशीलाई शनिबार विराटनगरबाट पक्राउ गरिएको दाहालले बताए ।

बैदेशिक रोजगारीका लागि जापानमा रहेका उनले राजवंशी कोटामा जापान लैजाने भन्दै राजवंशी समुदायका युवाहरुलाई प्रलोभनमा पारेका थिए । ठगी प्रकरणमा उनका भाइ, बुहारी र बहिनी पनि आरोपित छन् । एक वर्षअघि जापानमा बसेर उनले आफन्त र साथीभाइलाई फोन गरेर जापान लैजाने लोभ देखाएका थिए ।

अजयबाट ठगीएको बताउने सुनबर्सी नगरपालिका-३ का मदनकुमार राजवंशी अजयकै साथी हुन् । निजी विद्यालय पढाउने मदनलाई २०७९ वैशाखमा जापानबाट अजयले फोन गरेर रोजगारीको अफर गरेका थिए । मासिक २ लाख ५० हजार तलब आउने भन्दै त्यसका लागि १६ लाख रुपैयाँ खर्च गर्नुपर्ने बताए ।

जापान जाने आशाम जग्गा र स्कुटर बेचेर उनले १६ लाख रुपैयाँ बुझाए । तीन महिनाभित्र विदेश उडाउछु भन्ने अजय सम्पर्कविहीन भएपछि आफू ठगिएको थाहा पाएको मदनले बताए । मदनजस्तै १६ लाख रुपैयाँ बुझाएका विवेक राजवंशी पनि आफू ठगिएको बताउँछन् ।

रंगेली नगरपालिका-९ का हरि राजवंशीले पनि अजयलाई पाँच लाख रुपैयाँ बुझाएको बताएका छन् । वैदेशिक रोजगारीका लागि कतारमा रहेका उनलाई अजयले फोन गरेर जापान बोलाएपछि कतार पुगेको १० महिनामै नेपाल फर्किए । इलेक्ट्रिक कम्पनीमा मासिक एक लाख ५० हजार रुपैयाँ तलब पाउने लोभ देखाएपछि काम छाडेर फर्किएको हरिले बताए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# सन्दीप लामिछानेको मुद्दामा थप प्रमाण बुझ्ने आदेश

काठमाडौं/जिल्ला अदालत काठमाडौंले क्रिकेटर सन्दीप लामिछानेविरुद्ध परेको बलात्कार मुद्दामा पीडितको बारेमा थप प्रमाण बुझ्ने आदेश गरेको छ ।

काठमाडौं जिल्ला अदालतका न्यायाधीश फणिन्द्रप्रसाद पराजुलीको इजलासले पीडितको जन्मदर्ता रहेको स्थानीय तहको वडा कार्यालयबाट जन्मदर्ताको अभिलेख र उनको जन्म भएको भनिएको अस्पतालबाट जन्मदर्ताको दर्ता किताब झिकाउने आदेश दिएको हो ।

यसअघि वडा कार्यालयले अदालतमा पठाएको जन्मदर्ताको विवरण पीडितले नागरिकता बनाउँदाको अभिलेखसँग नमिलेको पाइएको थियो । त्यस्तै पीडितको जन्म भएको अस्पतालबाट पेश भएको भनिएको प्रमाणमा समेत पीडित पक्षले प्रश्न उठाइरहेका छन् ।

क्रिकेटर लामिछाने विरुद्ध गत वर्ष कात्तिकमा दर्ता भएको मुद्दामा अहिलेसम्म पनि प्रमाण बुझ्ने क्रम चलिरहेको छ । लामिछाने पक्षहरुले पीडित किशोरी गौशाला २६ को उमेर अठार वर्ष पुगिसकेको दाबी गरेका छन् । पीडित पक्षले भने घटना हुँदा गौशाला २६ नाबालक रहेको बताइरहेका छन् ।

पत्राचारले मात्रै प्रमाण यकिन हुन नसकेको भन्दै पीडितहरुले सम्बन्धित निकायमा रहेको अभिलेख र सक्कल दर्ता किताब नै झिकाएर हेर्नुपर्ने माग गरेका छन् ।

*(अनलाइनखबरबाट)*

साझाकुरा
"तपाई हामी सबैको कुरा"
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत
साझाकुरा राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिन्छ ।
www.sajhakuranews.com

# मौलाउँदै लागूऔषध कारोबार

साझाकुरा संवाददाता

हेटौंडा, ७ जेठ/ मकवानपुर प्रहरीले अबैध लागूऔषध गाँजा ओसार पसार गरेको अभियोगमा आईतबार हेटौंडाबाट एक जना भारतीय सहित ३ जनालाई पक्राउ गरेको छ । भारतीय नंबर प्लेटको जीपमा गाँजा सहित १ भारतीय र दुई नेपाली नागरिकलाई पक्राउ गरेको हो । हेटौंडातर्फ आउँदै गरेको बीआर ०१ बीएन १५१८ नम्बरको कारलाई प्रहरीले हेटौंडा-१ मा नियन्त्रणमा लिएर जाँच गर्ने क्रममा पछाडिको सिटमा फल्स बटन बनाएर ९२ किलो गाँजा ल्याउँदै गरेको अवस्थामा पक्राउ गरेको हो ।



पक्राउ पर्नेमा जीप चालक भारत मेुजाफरपुर बस्ने २२ वर्षका अमितकुमार दुबे, पर्सा जिल्ला छिपर माई गाउँपालिका बस्ने ५० वर्षीय नैमुद्धिन मिया र मकवानपुर कैलाश गाउँपालिका-१० का ६० वर्षीय बुद्धिमान थोकर रहेका छन् । उनीहरुको विषयमा थप अनुसन्धान भैरहेको प्रहरीले जनाएको छ । प्रतिबन्धित लागूऔषध ओसारपसार गरेको अभियोगमा प्रहरीले छुट्टाछुट्टै स्थानबाट लागूऔषधसहित १४ जनालाई पक्राउ गरेको छ ।

प्रहरीले काठमाडौं, मकवानपुर, बाँके, झापा, कैलाली, सुर्खेत र मोरङबाट लागूऔषधसहित १४ जनालाई पक्राउ गरेको हो । काठमाडौं महानगरपालिका-१६, पक्नाजोलस्थित सबल क्याफे एण्ड खाजा घरबाट अवैध लागूऔषध आइस ड्रग्स ३ ग्राम ५ मिलिग्राम, चरेश २६४ ग्राम, लाइजरजिक एसिड डाइथेलामाइड १३ पिस र पोल्याण्ड ३८ ग्राम र नगद ४९ हजार रुपैयाँ सहित चार जनालाई पक्राउ गरिएको छ ।

प्रहरीले जापानिज नागरिक युचिरो अबेमास्तु र ३ जना नेपाली समेत गरी ४ जनालाई पक्राउ गरेको हो । उक्त खाजा घरमा लागूऔषध बिक्री भइरहेको भन्ने सूचनाको आधारमा प्रहरी वृत्त लैनचौरबाट खटिएको प्रहरीले उक्त लागूऔषधसहित फेला पारी उनीहरुलाई पक्राउ गरेको हो । बाँकेको कोहलपुर नगरपालिका-३, मैटहवाबाट अवैध लागूऔषध ब्राउन सुगर करिब १७० मिलिग्रामसहित सोही ठाउँ बस्ने २६ वर्षीय अक्षकुमार थारुलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी बिट मदनचोकबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

यसै गरी, झापाको मेचीनगर नगरपालिका-६ पुरानो मेचीपुलबाट अवैध लागूऔषध खैरोहेरोइन १ ग्रामसहित बुद्धशान्ति गाउँपालिका-१ बस्ने २२ वर्षीय समिर दर्जीसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय काँकरभिट्टा र लागूऔषध नियन्त्रण ब्यूरो काँकरभिट्टाबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो । मेची पुलपारीबाट दैनिक लागूऔषध भित्रने गरेको स्थानीयले बताएका छन् ।

यस्तै, कैलालीको धनगढी उपमहानगरपालिका-२ बाट अवैध लागूऔषध ब्राउनसुगर १७० मिलिग्राम सहित भारत पलिया बस्ने २४ वर्षीय मनोज सिंहलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरीचौकी त्रिनगरबाट खटिएको प्रहरीले उनलाई ब्राउनसुगरसहित फेला पारी पक्राउ गरेको हो । त्यस्तै, सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-११, गैरीगाउँबाट अवैध लागूऔषध ब्राउनसुगर ३ ग्राम ५५० मिलिग्राम र नगद १० हजारसहित सोही ठाउँ बस्ने ५२ वर्षीया तस्लिमा बिबिसमेत ३ जनालाई शनिबार प्रहरीले पक्राउ गरेको छ ।

यसैगरी, मोरङको बिराटनगर महानगरपालिका-१८, मुसरी टोल नजिकबाट अवैध लागूऔषध गाँजा ३० किलोग्राम प्रहरीले बरामद गरेको छ । ईलाका प्रहरी कार्यालय बुधनगर बाट खटिएको प्रहरीलाई देख्नासाथ भारततर्फ जाँदै गरेका अपरिचित व्यक्तिले बोरा फाली फरार भएपश्चात जाँच गर्ने क्रममा उक्त गाँजा फेला पारी बरामद गरेको हो । उनीहरुको खोजीकार्य जारी रहेको र घटनाको बारेमा आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ ।



मकवानपुरको पुरानो सदरमुकाम भीमफेदीस्थित बालमन्दिरमा पुराना राणाकालीन जीर्ण भवन र केही नयाँ भवन जसमा पर्याप्त स्थान नहुँदा नानीहरु नक्साल बालमन्दिर स्थान्तरण गर्नुपर्ने बाध्यता थियो । अभिभावक र संरक्षण विहिन बालबालिकाको 'सपना घर' बनाउन सामाजिक विकास मन्त्रालय बागमती प्रदेशको सहयोगमा डीपीसीसम्मको काम यस आर्थिक वर्षमा र बाँकी भवन निर्माणको काम आगामी आवमा हुने भएको छ । *तस्बिर: साझाकुरा*

# आफ्नै उत्पादन युनिटलाई कालोसूचीमा राख्दै प्राधिकरण

साझाकुरा संवाददाता

हेटौंडा, ७ जेठ/नेपाल विद्युत प्राधिकरण हेटौंडा बितरण केन्द्रले आफ्नै उत्पादन युनिटलाई कालो सूचीमा राखेर सूचना प्रकाशन गरेको छ । कुलेखानी जलविद्युत आयोजनालाई प्राधिकरणले कालोसूचीमा राखेको हो । कुलेखानी दोस्रोको ४ हजार आठ सय ५६ रुपैयाँ र कुलेखानी तेस्रोको एक लाख ४ हजार सात सय ८९ रुपैयाँ तिर्न बाँकी देखाएको र कुलेखानी जलविद्युत आयोजनाको दुबै युनिटलाई प्राधिकरणले कालोसूचीमा राखेको हो ।

कुलेखानी दोस्रो र तेस्रो आयोजनाले प्राधिकरणलाई कूल एक लाख ९ हजार ६ सय ४५ रुपैयाँ तिर्न बाँकी देखाइएको छ । कुलेखानी जलविद्युत आयोजनाले उत्पादन गरेको विद्युत प्राधिकरणले बिक्री गरि रहेको छ । आफ्नै उत्पादन गर्ने युनिटलाई कालोसूचीमा राखेको सूचना प्राधिकरणले सार्वजनिक गरेको हो ।

कालोसूचीमा रहेका ग्राहकहरुले आउँदो असार मसान्तभित्र बाँकी विद्युत महशुल बुझाउँदा १० प्रतिशत छुट नपाईने भएको छ । आइतरबार नेपाल विद्युत प्राधिकरण हेटौंडा वितरण केन्द्रले कालोसूची रहेका ग्राहकहरुको नामावली सार्वजनिक गर्दै बाँकी बक्यौता बुझाउन आग्रह गरेको छ ।

सार्वजनिक विवरण अनुसार हेटौंडा वितरण केन्द्रको क्षेत्राधिकारभित्रका ५ सय ४२ जना ग्राहक कालो सूचीमा रहेका छन् । कालोसूचीमा परेपछि सार्वजनिक गरिएका ग्राहकहरुको तीन पुस्ते विवरणहरु सहित जिल्ला प्रशासन कार्यालय, नापी, मालपोत, उपमहानगर पालिका, गाउँपालिका एवं वडा कार्यालयहरुमा पठाउने तयारी भइरहेको नेपाल विद्युत प्राधिकरण हेटौंडा वितरण केन्द्रले जनाएको छ ।

कालोसूचीमा रहेका ग्राहकहरुबाट नेपाल विद्युत प्राधिकरण ऐन २०४१ अनुसार सरकारी बाँकी महशुल असुलउपर गरिने समेत जनाएको छ । प्राधिकरणले जारी गरेको सूचनामा साविकको भीमफेदी गाउँ विकास समितिको नाममा ५५ हजार रुपैयाँ, तत्कालीन जिल्ला विकास समितिको नाममा दुई हजार पाँच सय ५५ रुपैयाँ बक्यौता देखाइएको छ । नेपाल तामाङ घेदुङको नाममा पनि १७ हजार सातसय ५२ रुपैयाँ बक्यौता देखाएइको छ ।

२०५६ सालदेखि संचालनमा आउन नसकेको र पटकपटक लिक्वीडेसनमा गएको हेटौंडा-काठमाडौं रोपवेको नाममा प्राधिकरणले ११ लाख ६३ हजार आठ सय ९४ रुपैयाँ बक्यौता देखाएको छ । नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष रबिभक्त श्रेष्ठले हेटौंडा-३ बसामाडीमा संचालन गरेको नबीन रिरोलिङ उद्योगको नाममा तीन लाख १० हजार आठ सय आठ रुपैयाँ बक्यौता देखाएको छ । जुन उद्योग दुई दसकदेखि बन्द भएको थियो । त्यस्तै बसामाडीमा उद्योग स्थापना गरेको राप्ती डिहाइड्रेसनको नाममा एक लाख ४० हजार एक सय ६ रुपैयाँ बक्यौता रहेको प्राधिकरणले जनाएको छ ।

यसैगरी नेपाल विद्युत प्राधिकरणले ३ महिनाभन्दा बढी बाकी बक्यौता रहेका ६४ जना ग्राहकबाट २१ लाख २६ हजार ६५ रुपैयाँ नतिरेको खण्डमा तत्काल लाइन काट्ने चेतावनी दिएको छ । लाइन कट्टा केन्द्रीय सिस्टमबाटै हुने गरिएकोले समयमै बाँकी बक्यौता तिर्न प्राधिकरणले सूचना गरेको छ । बक्यौता भुक्तान पश्चातमात्र लाइन पुन जडान हुने प्राधिकरणको हेटौंडा बितरण केन्द्रका लेखाप्रमुख बिष्णुलाल गिरीले जनाएका छन् ।

# नारायणीमा भर्ना भएका विरामीले पाउँदैनन् निशुल्क खाना

वीरगन्ज, ७ जेठ/नारायणी अस्पतालमा भर्ना भएका बिरामीका लागि पञ्चायतकालदेखि नै निशुल्क खानाको व्यवस्था हुने गरेको छ ।

नारायणी अस्पताल मेडिकल रेकर्डका प्रमुख अशोक श्रीवास्तवका अनुसार शिशु वार्ड, मेडिकल वार्ड र सर्जिकल वार्डका बिरामीहरुलाई निशुल्क खानाको व्यवस्था स्वास्थ्य मन्त्रालयले गर्दै आएको छ ।

जसमा १५० ग्राम भात ५५ ग्राम दाल र ४५ ग्राम मौसमी तरकारीका साथै बिहान १ ग्लास दूध छ । अप्रेशन गरिएका विरामीलाई जाउलोको समेत सुविधा छ । तर पछिल्लो समयमा बिरामीहरुले निशुल्क खाना नपाएको गुनासो गरेका छन् ।

जलनको उपचारका लागि भएकी लक्ष्मी देवी राम आफूले खाना नपाएको बताउँछिन् । 'मलाइ यहाँ खाना दिइएको छैन, डाक्टरले अण्डा खानु भनेका छन्,' विपन्न परिवारकी उनले भनिन्, 'एक छाक भात त पाएको छैन, अण्डा कसले दिने ?'

उनी आफू गरिब भएको र औषधि उपचारका लागि पैसा समेत नभएको बताउँछिन् । मेडिकल वार्डमा भर्ना भएका बिरामी अनुपले खाना त पाएका छन् तर उनले दूध पाएका छैनन् । बिहान ८ बजे नै खाना तयार हुन्छ त्यसैले उनलाई पनि समस्या छ । '८ बजे भित्र खाना लिन जानुपर्छ, बिहानै रूच्दैन, १० बजेतिर भोक लागेपछि खाँदा त्यो खाना चिसो भइसक्छ,' उनी गुनासो गर्छन् ।

बिरामीले खाना नपाए बारेमा बुझ्नका लागि निशुल्क खाना कार्यक्रमका इन्चार्ज सहायक मेट्रोन श्रुती साहलाई सम्पर्क गर्दा उनी सम्पर्कमा आउन चाहिनन् । रासन व्यवस्थापनका पूर्व इन्चार्जसमेत रहेका श्रीवास्तव पहिला पहिला रोग अनुरार डाइट चार्ट प्लान गरेर बिरामीलाई खाना दिने गरे पनि अहिले त्यस्तो नभएको बताए ।

*(स्रोत: अनलाइनखबर)*

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"
आधुनिक सुन चाँदी पसल
हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।
प्रो. राजु सेन्चुरी
सम्पर्क नं. :
९८४५५३०९५६३, ९८१५२२४३४३

प्रदेश खेलकुद विकास परिषद्
बागमती प्रदेश, हेटौंडा
दोस्रो बागमती प्रदेश खेलकुद-२०८०
खेल तालिका

| खेल | | स्थान | ७ गते | ८ गते | ९ गते | १० गते | ११ गते | १२ गते | १३ गते |
|---|---|---|---|---|---|---|---|---|---|
| भलिवल | महिला | हुप्रचौर | उद्घाटन (५:३० बजे पिप्ले क्याम्पस रंगशाला) | | | | | | |
| | पुरुष | हुप्रचौर | | | | | | | |
| फुटवल | महिला | गौरीटार | | | | | | | |
| | पुरुष | पिप्ले | | | | | | | |
| रग्बी | महिला | हुप्रचौर | | | | | | | समापन (५:३० बजे पिप्ले क्याम्पस रंगशाला) |
| | पुरुष | हुप्रचौर | | | | | | | |
| बक्सिङ | महिला/पुरुष | हेटौंडा कभर्डहल | | | | | | | |
| करांते | महिला/पुरुष | हुप्रचौर | | | | | | | |
| तेक्वान्दो | महिला/पुरुष | हुप्रचौर | | | | | | | |
| उसु | महिला/पुरुष | त्रिपुरेश्वर | | | | | | | |
| आई.टि.एफ तेक्वान्दो | महिला/पुरुष | हुप्रचौर | | | | | | | |
| जुडो | महिला/पुरुष | काठमाडौं | | | | | | | |
| ब्याडमिन्टन | महिला/पुरुष | थानाभन्याङ | | | | | | | |
| एथलेटिक्स | महिला/पुरुष | पिप्ले | | | | | | | |
| पौडी | महिला/पुरुष | सातदोबाटो | | | | | | | |
| क्रिकेट | महिला | चितवन | | | | | | | |
| | पुरुष | चितवन | | | | | | | |

# हेटौंडा क्याम्पसको आन्दोलन स्थगित

साझाकुरा संवाददाता

हेटौंडा, ७ जेठ/ क्याम्पसको वास्तविक अवस्थाबारेको श्वेतपत्र जारी गर्न माग गर्दै आन्दोलित बनेका हेटौंडा क्याम्पसका प्राध्यापकहरुको आन्दोलन स्थगित भएको छ । क्याम्पस सञ्चालक समिति, क्याम्पस प्रशासन र प्राध्यापकको प्रतिनिधिबीच आइतबार भएको वार्तामा क्याम्पसको वास्तविक अवस्थाबारेको श्वेतपत्र प्रस्तुत गरेपछि प्राध्यापकको आन्दोलन स्थगित भएको हो ।

गत वैशाख २६ गते क्याम्पस प्रमुखलाई श्वेतपत्र जारी गर्न पब्लिक क्याम्पस प्राध्यापक संघसहित अन्य दुइ वटा पेशागत संगठनले ज्ञापनपत्र बुझाएका थिए । श्वेतपत्र जारी नगरिएको भन्दै गत सोमबारदेखि प्ध्यापकहरुले आन्दोलनका कार्यक्रम थालेका थिए । नेपाल पब्लिक क्याम्पस प्राध्यापक संघ, नेपाल प्रगतिशील प्राध्यापक संगठन र प्रजातन्त्रवादी प्राध्यापक संघले हेटौंडा क्याम्पसको पूर्णकालीन तथा आंशिक प्राध्यापकको भुक्तानी बाँकी रकम, विद्यार्थीबाट उठ्न बाँकी रकम, दाखिला गर्न बाँकी रहेको कर, सञ्चयकोष, उत्पदान लगायतको विवरण खुलाई श्वेतपत्र जारी गर्न माग गरेका थिए ।

प्राध्यापकहरुका अनुसार हेटौंडा क्याम्पसका आंशिक प्राध्यापकले १० महिनादेखि तलबभत्ता पाएका छैनन् भने पूर्णकालीनको पारि श्रमिक पनि तीन महिनादेखि रोकिएको छ । सोही विषयलाई लिएर क्याम्पसको वास्तविक आर्थिक अवस्थालगायत विषय समेटेको श्वेतपत्र माग गरिएको थियो । हाल क्याम्पसमा १७ जना पूर्णकालीन र १३ जना आंशिक प्राध्यापक कार्यरत छन् भने १२ जना कर्मचारी रहेका छन् ।

# हावाहुरी र असिनापानीको क्षति विवरण संकलन गरिने

साझाकुरा संवाददाता

हेटौंडा, ७ जेठ/मनहरी गाउँपालिकाले जेठ ५ गते र ६ गतेको हावाहुरी र असिनापानीले पुऱ्याएको क्षति विवरण संकलन गर्न सुरु गरेको छ ।

मनहरी-३ ले आइतबार सूचना प्रकाशन गरी हावाहुरी र असिनापानीबाट भएको बालीनालीको क्षति बिवरण एक साताभित्र रितपूर्वक निबेदन दिन आग्रह गरेको हो ।

वडाध्यक्ष अनन्तप्रकाश अर्यालले कृषिउत्पादनमा किसानलाई सहयोग गर्नका लागि विवरण संकलन सुरु गरिएको जानकारी दिएका छन् । किसानले आफ्नो बालीमा क्षति पुगेको विवरण फोटोसहित एक साताभित्र वडा कार्यालयमा निबेदन दिनुपर्ने सूचनामा जनाइएको छ ।

यस्तै मकवानपुरगढी-५ ले पनि आफ्नो वडाबासीलाई हावाहुरी, असिनापानीबाट भएको क्षतिको विवरण संकलन गर्न सुरु गरेको छ । मकवानपुरगढी-५ का वडाध्यक्ष दीपेश दाहालले जेठ १५ भित्र आफ्नो टोलविकास संस्थामार्फत् क्षति विवरण टिपाउन सूचना जारी गरेका छन् । जेठको पहिलो सातामा मकवानपुरका बिभिन्न पालिकामा हावाहुरी र असिनापानीले कृषि उत्पादनमा ठूलो क्षति भएको छ ।

हार्दिक समवेदना



जन्म: १९९७/०२/२२
स्वर्गारोहण: २०८०/०१/२७
स्व. उत्तममणि आचार्य

हाम्रा प्रिय साथी श्री गणेश प्रसाद आचार्य ज्यूका पूजनीय पिता स्व. **उत्तममणि आचर्य**को ८३ बर्षको उमेरमा असामयिक स्वर्गारोहण भएकोमा हामी अत्यन्त दु:खी भएका छौं । आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौ। साथै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**सन्तमाया श्रेष्ठ तथा २०३९ एस एल सी समूह**
**आ. रा. मा .वि ,हेटौडा मकवानपुर**

केदारनाथ सुनचाँदी पसल
हेटौंडा-१०, बसपार्क रोड



यहाँ सुनचाँदीको गरगहना पाउनुको साथै अर्डर बमोजिम तयार पनि गरिन्छ र राशी अनुसारको पत्थर पाउनुको साथै सुनचाँदी खरिद बिक्री पनि गरिन्छ ।
प्रो. राहुल सुनार
मो.नं. ९८४५८३०८१७, ९८०४२०३२५५

शिक्षक आवश्यकता

*प्रथम पटक प्रकाशित मिति: २०८०/०२/०८*

उपरोक्त सम्बन्धमा हेटौडा उपमहानगरपालिका शिक्षा विकास महाशाखाको मिति २०८०/०१/२७ को पदपूर्ति अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०२/०६ को बैठकको निर्णय अनुसार यस विद्यालयलाई तपसिल बमोजिमको शिक्षक आवश्यक परेकोले उक्त पदपूर्तिको लागि योग्य ईच्छुक नेपाली नागरिकबाट दरखास्त आब्हानका लागि यो विज्ञापन प्रकाशित गरिएको छ ।

**तपसिल**
१. विज्ञापन नं.: ००२/०८९/०८० २. पद : मा वि (अनुदान)
३. विषय: विज्ञान ४. आवश्यक पद संख्या : १ (एक)
५. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
६. शैक्षिक योग्यता : मुख्य विषय विज्ञान लिई स्नातक तह वा सो सरह उत्तीर्ण ।
७. परीक्षाको किसिम : लिखित, अन्तरवार्ता (संसोधित नयाँ पाठ्यक्रम अनुसार)
८. तलब भत्ता : नेपाल सरकारको अनुदान कोटाको लागि तोकिए बमोजिम
९. दरखास्त दस्तुर : नगद रु १,५००।- (एक हजार पाँच सय मात्र) निवेदन साथ
१०. दरखास्त दिने अन्तिम दिन : २०८०/०२/२२ गते विद्यालय समय भित्र
११. दरखास्त दिने स्थान : विद्यालयको प्रशासनिक कक्ष
१२. सम्पर्क मिति : अन्तिम दिनको अपरान्ह ४:०० बजे सम्म
१३. परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराईने छ।
**१४. आवश्यक कागजातहरु:**
क) नेपाली/अंग्रेजी माध्यममा हस्त लिखित निवेदन -२
ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि -२
ग) SLC देखि माथिका शैक्षिक योग्यताको प्रमाण पत्रहरुको प्रतिलिपि-२
घ) SLC देखि माथिका चारित्रिक प्रमाण पत्रहरुको प्रतिलिपि-२
ङ) माध्यमिक तहको अध्यापन अनुमति पत्रको प्रतिलिपि-२
**नोट:-** माथिल्लो योग्यता भएको र ICT मा दक्ष भएको एवं अनुभवि

श्री बाल उज्ज्वल माध्यमिक विद्यालय
हेउमनपा-३, लेवट, मकवानपुर

विपन्न नागरिक एवं आकस्मिक उपचारका लागि नि:शुल्क रक्तसञ्चार सेवा सम्बन्धी सूचना

बागमती प्रदेशमा स्थायी बसोबास गर्ने आर्थिक रुपले विपन्न व्यक्ति र आकस्मिक रुपमा तत्काल उपचारको आवश्यकता भएको व्यक्तिलाई आवश्यक पर्ने रगत, रक्ततत्वमा प्रयोग हुने ब्लड ब्याग र रक्त परीक्षण नि:शुल्क रुपमा उपलब्ध गराईएकाले रक्तसञ्चार सेवा प्रदान गर्ने संस्थाहरुबाट यो सेवा लिनु हुन सम्पूर्णमा जानकारी गराइन्छ ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना